# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ६ अङ्क १२ पूर्णाङ्क २५० २०७८ भदौ २८ गते सोमबार Monday, 13 Sep., 2021 पृष्ठ ८ मूल्य रू. १०।–


## कमरेड गोन्जालोको निधनमा शोक सन्देश जारी गर्दै क्रान्तिकारी माओवादीले भन्यो– ‘क.गोन्जालोको योजनाबद्ध हत्या’, हार्दिक श्रद्धाञ्जली व्यक्त



काठमाडौं । पेरु कम्युनिस्ट पार्टी साइनिङ पाथका अध्यक्ष डाक्टर अविमायल गुजमान (क. गोन्जालो) को निधनमा शोक सन्देश जारी गर्दै नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले विश्वभरिबाट उहाँको निधन नभएर योजनाबद्ध हत्या भएको हो भनेर आवाज उठिरहेको जनाएको छ । पार्टी महासचिव मोहन वैद्य किरणले जारी गर्नुभएको शोक बाँकी ३ पेजमा

# एमसीसी खारेजीका लागि देशव्यापी प्रतिरोधमूलक संघर्ष






काठमाडौं । अमेरिकी सहयोगसम्बन्धी मिलेनियम च्यालेन्ज कर्पोरेशन एमसीसी सम्झौता संसदबाट पारित गर्ने सरकारले तयारी गरेपछि त्यसको खारेजीका लागि दबाब दिन देशव्यापी रूपमा प्रतिरोधमूलक संघर्षहरू उठेका छन । एमसीसीका उच्च पदाधिकारीहरूलाई बोलाएर देउवा सरकारले एमसीसी जसरी पनि पास गराएरै छाड्ने तयारी थालेपछि देशभक्त, वामपन्थी तथा कम्युनिस्ट क्रान्तिकारीहरूले देशव्यापी रूपमा प्रतिरोधपूर्ण संघर्षहरूको उठान गरेका हुन् ।

एमसीसीका उच्च पदाधिकारीलाई कालो झण्डा देखाउने, मशाल जुलुस निकाल्ने, पुत्ला दहन गर्ने, दलाल शासकहरूको शव निकाल्ने, विरोध तथा प्रतिरोध सभाहरू गर्ने लगायतका कार्यक्रमहरू अहिले देशव्यापी रूपमा भइरहेका छन् । सडकको यही दबाबका कारण सत्तारुढ गठबन्धनमा पनि विवाद उत्पन्न भएको छ र एमसीसीका पदाधिकारीहरूले भेटेर तत्काल पास गर्न दबाब दिंदा पनि सरकारले एमसीसीलाई निर्णयार्थ पेश गर्ने आँट गर्न सकेको छैन । राष्ट्घाती सम्झौताको कलंक कसले बोक्ने र कसलाई बोकाउने भन्ने दाउपेचमा संसदवादी दलका नेताहरू देखिएका छन् एकातिर भने अर्कोतीर एमसीसी पास गरेर अमेरिकी साम्राज्यवादको खासा दलाल बन्ने प्रतिस्पर्धा पनि देखिएको छ । यसमा शेरबहादुर देउवा, केपी ओली र बाबुराम भट्राई अग्रभागमा देखिएका छन् ।

नेपाली काँग्रेस एमसीसी अहिलेकै अवस्थामा पारित गर्ने पक्षमा छ । नेकपा एमाले पनि एमसीसी पारित गर्ने पक्षमा थियो । नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीभित्र एमसीसीबारे फरक दृष्टिकोण छ । एमसीसी संशोधनसहित पारित गर्नुपर्ने पक्षमा माओवादी र नेकपा एस छन् । नेकपा एसका अध्यक्ष माधवकुमार नेपालले पूर्वप्रधानमन्त्री झलनाथ खनालको संयोजकतत्वमा तत्कालीन नेकपाले गठन गरेको कमिटीको सुझाव अनुसार संशोधनसहित एमसीसी पारित गर्न सकिने बताइसकेका छन् ।

एमसीसी उपाध्यक्ष फातिमा सुमारले नेपाल सरकार र यहाँका राजनीतिक नेतृत्वलाई एमसीसीबारे यथाशीघ्र निर्णय लिन अप्रत्यक्ष दबाब दिएकी छन् ।

एमसीसी सम्झौतालाई लिएर विवाद चर्किएको बेला नेपाल आएको फातिमा नेतृत्वको टोलीले बाँकी ५ पेजमा

## अभियान उदघाटनकै दिन क्रान्तिकारी युवा लीगको वडा भेला

**अभियानबाट सबै स्थानीय तहमा पार्टी कमिटी सुदृढ गर्दै**




नवलपरासी । नेकपा (क्रान्तिकारी माओबादी) पश्चिम नवलपरासीले राजनैतिक बाँकी ७ पेजमा

## एम.सी.सी.पारित गर्न मरिहत्ते गरेको भन्दै प्र.म देउवाको शब ज्याली निकालियो



नवलपरासी । राष्ट्रघाती एम. सि. सि सम्झौता विरुद्ध आन्दोलनको क्रममा नयाँ नयाँ शैलीको आन्दोलन गर्ने क्रम जारी छ । देशैभर आन्दोलन चर्कदै जादा एम.सि.सि पारित गर्न कम्मर कसेर लागेको भन्दै नेकपा क्रान्तिकारी माओवादी पश्चिम नवलपरासीले बाँकी ७ पेजमा

# ‘एमसीसी खारेजी आन्दोलन’को सत्यार्थ प्रकाश जनसभा




काठमाडौं । ‘एमसीसी खारेजी आन्दोलन’ले शुक्रबार काठमाडौंमा सत्यार्थ प्रकाश जनसभाको आयोजना गर्‍यो । बिहीबार एमसीसीका पदाधिकारीको नेपाल आगमनको विरोधमा जुलुस निकाल्दा र कालो झण्डा देखाउँदा आन्दोलनमा बाँकी ७ पेजमा

## अखिल क्रान्तिकारीको नेतृत्वमा एमसीसी विरोधी जुलुसले कालोझण्डासहित एमसीए कार्यालय र एमसीसी टोली बसेको होटेल घेर्ने कार्यक्रम सम्पन्न

काठमाडौं । एमसीए कार्यालय र एमसीसी टोली बसेको होटेल घेर्ने कार्यक्रम अन्तरगत विहान ११ बजे अखिल क्रान्तिकारीका अध्यक्ष हरिकृष्ण गजुरेलको नेतृत्वमा एमसीसी विरोधी जुलुसले कालोझण्डा सहित एमसीए कार्यालय घेर्न जुलुस नारायणहीटी अगाडिको महेन्द्र शालिकनेर जम्मा भएर व्यापक प्रहरी तैनाथीका कारण अगाडि बढन नदिएपछि त्यही नै अखिल क्रान्तिकारीका अध्यक्ष हरिकृष्ण गजुरेलको सम्वोधन पछि




जुलुसले एमसीए कार्यालयको अगाडि पुगेर एमसीए कार्यालय बन्द गरजस्ता एमसीसी विरोधी विभिन्न नाराहरू लगाइरह्यो ।

एमसीसी चाहिदैन भन्दै घेरैवेरको नारा वाजी र कालो भण्डा देखाएपछि जलुसले एमसीसीका बाँकी ७ पेजमा

## एमसीसी खारेजीका लागि क्रान्तिकारी माओवादीको प्रतिरोध संघर्ष प्रहरी हस्तक्षेपका बाबजुद उपत्यकाका तीन जिल्लामा गरियो मशाल जुलुस प्रदर्शन

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले राष्ट्घाती एमसीसी सम्झौता खारेजीका लागि देशव्यापी रूपमा प्रतिरोध संघर्ष जारी राखेको छ । एमसीसी खारेजीका लागि निरन्तर संघर्षको नेतृत्व गर्दै आएको क्रान्तिकारी माओवादीले उपत्यकाका काठमार्डौं, ललितपुर र भक्तपुरमा मशाल जुलुस प्रदर्शन गरेको हो ।

प्राप्त समाचार अनुसार ललितपुरको लगनखेलमा प्रहरी हस्तक्षेपका बाबजद मशाल जुलुस प्रदर्शन गरिएको छ । पार्टी पीवीएम प्रभाकिरणको नेतृत्वमा भएको मशाल जुलुसमा प्रहरीले हस्तक्षेप गरेको थियो ।




प्रहरी हस्तक्षेपका बाबजुद लगनखेलदेखि मंगलबजारसम्म मशाल जुलुस प्रदर्शन गरिएको पीवीएम प्रभाकिरणले जानकारी दिनुभयो ।

राष्ट्घाती एमसीसी चाहिदैन, देश बेच्न पाइदैन, एमसीसी सम्झौता तत्काल खारेज गर, अमेरिकी साम्राज्यवाद मूर्दावाद, राष्ट्रिय स्वाधीनता जिन्दावाद लगायतका नाराहरू समेत लगाइएको थियो । मशाल जुलुसमा ५० जनाभन्दा बढीको सहभागिता रहेको पार्टीका ललितपुर सेक्रेटरी दिपकले जानकारी दिनुभयो ।

भक्तपुरबाट प्राप्त जानकारी अनुसार प्रहरीलाई छक्याउँदै भव्य रूपमा मशाल जुलुस प्रदर्शन गरिएको छ । बाँकी ७ पेजमा

# एमसीसीको चिठीबारे

*पहिलो कुरा, विदेशी सरकारसँग कुनै पनि प्रकारको संझौता गर्दा सरकारले राष्ट्रिय स्वाधीनताको प्रश्नमा गम्भीर हुनुपर्ने थियो । नेपाली शासकवर्गले विगतमा कहिल्यै पनि यसमाथि ध्यान दिएन । अमेरिकाको एमसीसी नामको एउटा विभागसँग नेपाल सरकारले गरेको सम्झौता हिजो नै असमान थियो र त्यसमा समेटिएका सर्तनामाहरू राष्ट्रघाती थिए । तर दलाल सरकारले त्यसमा आँखा चिम्लिएर सहयोगको नाममा केही रकम पाउनुलाई नै महान् उपलब्धि ठान्यो । जनस्तरबाट यसबारे चौतर्फी विरोध भएपछि मात्र सरकारले अमेरिकालाई चिठी लेखेर सोध्ने नौटङ्की गरेको हो*



● इन्द्रमोहन सिग्देल ●

नेपाल सरकारले एमसीसीबारे अमेरिकी सरकारसामु सोधेको भनिएका प्रश्नहरूको जवाफ हिजो सेप्टेम्बर ८ को पत्रसँग संलग्न गरी सार्वजनिक गरिएको छ । नेपाल सरकारका अर्थमन्त्रीलाई सम्बोधन गरिएको त्यस पत्रमा एमसीसी सम्झौता कार्यान्वयन विभागकी उपाध्यक्ष फतेमा सुमरले हस्ताक्षर गरेकी छिन् । त्यो जवाफमा नेपाल सरकारले सोधेका प्रश्न तथा जिज्ञाशा र त्यसबारे एमसीसीका धारणा समेटिएका छन् । जवाफ अङ्ग्रेजी र नेपाली गरी दुवै भाषामा दिइएको छ । उक्त चिठी र त्योसँग संलग्न जवाफ सर्सर्ती पढेपछि भएको व्यक्तिगत अनुभूतिलाई सङ्क्षिप्तमा समेटी यो टिप्पणी तयार पारिएको छ ।

पहिलो कुरा, विदेशी सरकारसँग कुनै पनि प्रकारको संझौता गर्दा सरकारले राष्ट्रिय स्वाधीनताको प्रश्नमा गम्भीर हुनुपर्ने थियो । नेपाली शासकवर्गले विगतमा कहिल्यै पनि यसमाथि ध्यान दिएन । अमेरिकाको एमसीसी नामको एउटा विभागसँग नेपाल सरकारले गरेको सम्झौता हिजो नै असमान थियो र त्यसमा समेटिएका सर्तनामाहरू राष्ट्रघाती थिए । तर दलाल सरकारले त्यसमा आँखा चिम्लिएर सहयोगको नाममा केही रकम पाउनुलाई नै महान् उपलब्धि ठान्यो । जनस्तरबाट यसबारे चौतर्फी विरोध भएपछि मात्र सरकारले अमेरिकालाई चिठी लेखेर सोध्ने नौटङ्की गरेको हो । संझौताका सर्तहरूको विश्लेषणको आधारमा हाँ कि नाँ गर्नु पर्नेमा त्यसो नगरेर सरकारले जुन चिठी पठायो त्यसले सरकारको बाँकी ४ पेजमा

## सम्पादकीय

### कमरेड गोन्जालोप्रति उच्च सम्मानसहित हार्दिक श्रद्धाञ्जली

अमेरिकी साम्राज्यवाद र उसको कठ्पुतली पेरुको प्रतिक्रियावादी शासकहरुले अन्ततः पेरु कम्युनिस्ट पार्टी साइनिङ पाथका अध्यक्ष दर्शनशास्त्रका प्राध्यापक डा. अबिमेल गुज्म्यान रेनोसो (क.गोन्जालो)को जेलभित्रै योजनाबद्ध हत्या गरे। ८६ बर्ष पुग्नु भएका गोन्जालो २९ बर्षदेखि कालकोठरीमा हुनुहुन्थ्यो। उहाँको कसुर थियो- पेरुका श्रमजीवी शोषित उत्पीडित वर्गको मुक्तिका निम्ति पेरुमा जनयुद्ध सञ्चालन गर्नु। पछिल्लो समय उहाँ छालाको रोगबाट पीडित हुनुहुन्थ्यो। उचित उपचारसहित जीवन रक्षा र शिघ्र रिहाइका लागि विश्वभरिबाट आवाज उठेको थियो र विश्वभरका कम्युनिस्ट तथा माओवादी क्रान्तिकारीहरुले उहाँको जीवन रक्षा र शिघ्र रिहाइका लागि अभियान नै चलाएका थिए। नेकपा (क्रान्तिकारी माओवादी) लगायतका कम्युनिस्ट पार्टीहरुले पनि उहाँको जीवन रक्षा र शिघ्र रिहाइका लागि जोडदार माग गर्दै अभियानप्रति ऐक्यबद्धता प्रकट गरेका थिए। हामीले पनि यसअघिको अंकमा सम्पादकीय नै लेखेर कमरेड गोन्जालोको जीवन रक्षा र शिघ्र रिहाइका लागि आवाज बुलन्द गरौ भन्ने अपिलका साथ सम्पादकीय लेखेका थियौं। विश्वभरिबाट उठेको आवाज र दबाबप्रति पेरुका प्रतिक्रियावादी शासकहरुले कुनै सुनवाइ गरेनन्। मानवअधिकार र वैयक्तिक स्वतन्त्रताको फलाको हालेर नथाक्ने अमेरिकी साम्राज्यवाद र उसको कठ्पुतली पेरुको प्रतिक्रियावादी सरकारले उपचार नै नगरी योजनाबद्ध रुपमा कमरेड गोन्जालोको हत्या गर्न पुग्यो। त्यहाँको सञ्चार माध्यम र सरकारी अधिकारीहरुले उपचारको क्रममा निधन भएको भनेर प्रचार गरेपनि विश्वभरिबाट आवाज उठिरहेको छ उहाँको निधन नभएर योजनाबद्ध हत्या हो। क. गोन्जालोको निधनले संसारभरका कम्युनिस्ट क्रान्तिकारीहरु, माओवादीहरु र मुक्तिकामी सिंगो सर्वहारावर्ग स्तब्ध बन्न पुगेको छ। उहाँको त्याग, तपस्या र बलिदानको उच्च सम्मान गर्दै संसारभरको कम्युनिस्ट आन्दोलनले उहाँबाट एउटा उर्जा र उत्प्रेरणा लिने प्रतिबद्धता व्यक्त गरिरहेका छन्।

कमरेड गोन्जालोले मृत्यु रोज्नु भयो तर जीवनको भीख माग्नु भएन। श्रमजीवी शोषित उत्पीडित वर्ग र समुदायलाई धोका दिनु भएन। अविचलित रुपमा लाल झण्डा फहराइरहनु भयो। र, संसारभरका कम्युनिस्ट क्रान्तिकारीहरुलाई उर्जा र उत्प्रेरणा दिइरहनु भयो।

कमरेड गोन्जालोको उत्पेरणाबाट नै नेपालमा पनि जनयुद्धको उद्घोष गरिएको थियो। क.गोन्जालोको निधनमा शोक सन्देश जारी गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव तथा तत्कालीन दशवर्षे जनयुद्धका प्रमुख पहलकर्ता मोहन वैद्य किरणले भन्नुभएको छ, पेरुको क्रान्तिले नेपालमा जनयुद्धको थालनीका लागि महत्वपूर्ण वैचारिक भूमिका खेलेको कुरा हामीले कहिल्यै बिर्सन सक्दैनौं।

अर्धसामन्ती देश पेरुमा किसान विद्रोहहरूको लामो शृङ्खला थियो। संबिधान निर्माणमा पेरुका जनताको चित्त बुझेको थिएन। राष्ट्रपति चुनावको अघिल्लो रात मई १७, १९८० आयाकुचोको सानो गाउँ चुस्चीमा साइनिङपाथका कार्यकर्ताले मतपत्र र मतदान सामग्री कब्जा गरी जनताहरूको अगाडि सार्वजनिक स्थानमा मतदान सामग्री जलाइ दिए र त्यही दिन साइनिङपाथले पेरुमा जनयुद्ध सुरु भएको घोषणा गऱ्यो। पेरुमा जनयुद्ध सन १९८० देखि १९९९ सम्म चलेको थियो। यो अवधिमा पेरुमा २,९०० सशस्त्र कार्यवाही भए। ४३,००० मानिसहरूको जनयुद्धमा ज्यान गयो भने २६,२५९ लाई बेपत्ता पारियो। सन १९८५-९० मा पेरुको ३२ प्रतिशत भूभाग र ४९ प्रतिशत जनता साइनिङपाथको नियन्त्रणमा थियो र यो समयलाई रणनीतिक सन्तुलन हुँदै प्रत्याक्रमणको चरण भनियो। सन १९८८ मा पेरु कम्युनिस्ट पार्टी साइनिङपाथको पहिलो महाधिवेशन भएको थियो जुन महाधिवेशनबाट गोन्जालो विचारको प्रादुर्भाव भयो। महाधिवेशनको लगत्तै पछि गोन्जालोले एल डायरियो पत्रिकामार्फत एउटा लामो अन्तर्वार्ता दिनुभएको थियो, त्यो विश्वभरि चर्चित बनेको थियो।

सन १९९० जुन महिनाको एक बिहान पेरुको राजधानी लिमामा कम्युनिस्ट पार्टीको ७० वटा राता झन्डा समानान्तर फहराइएको खबर संसारभरी फैलियो। यसैलाई प्रेरणा मानी नेपालमा कमरेड रामवृक्ष यादव (मास्टर साहेब) ले एउटा चर्चित मैथिली गीत लेख्नु भएको थियो: पेरु में लाल झन्डा फहराइ रे कोइ माने न माने।

पेरु जनयुद्धको प्रभाव विश्वभरि पऱ्यो नेपाल पनि अपवाद रहेन। नेपाल कम्युनिस्ट पार्टी मशाल र मसाल पेरु कम्युनिस्ट पार्टी साइनिङपाथसँगै रिम (रिभोल्युसनरी इन्टरन्यासनल मुभमेन्ट) मा विश्वका १५ भन्दा बढी कम्युनिस्ट पार्टीहरूसँग सहयात्री थिए। पेरु जनयुद्धको समर्थनमा नेपालमा धेरै कार्यक्रम भए। गोन्जालोको एल डायरियोको अन्तर्वार्ता नेपालीमा अनुवाद भयो, पेरुमा जनयुद्ध भन्ने पुस्तक नै प्रकाशित भयो, कैदी नम्बर १५०९ भनेर कथा, कविता र गीतहरू लेखिए। पेरुको जनयुद्ध नेपालको जनयुद्धको प्रेरणा बन्यो। क. गोन्जालोको भौतिक शरीरको अन्त्य भए पनि उहाँको विचारको प्रभाव संसारभर फैलिइरहेको छ र फैलिइरहने छ। संसारभरका कम्युनिस्ट क्रान्तिकारीहरुले उहाँको महान आदर्शलाई पछ्याइरहने छन्। क. गोन्जालो उच्च सम्मानसहित हार्दिक श्रद्धाञ्जली !


परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।

www.moolbato.com


# सैद्धान्तिक एवम् व्यावहारिक ज्ञानको समन्वयकारी भूमिकाको महत्वबारे

***वर्तमान नेपालमा विभिन्न प्रकारका साम्राज्यवादी, विस्तारवादी शक्तिहरको हालीमुहाली बढ्दै गइरहेको छ। दलाल नोकरशाही राज्यसंयन्त्र बाहिरी रूप हेर्दा शक्तिशाली बन्दै गईरहेको जस्तो देखिन्छ तर भित्री रूपमा बिलकूल खोक्रो अपनत्व भन्ने नामनिशान नै छैन***



● पुष्प गोपाल श्रेष्ठ ●

क्रान्तिकारी कम्युनिष्टहरूले अवश्य पनि यो कुरा बुझेको होला र बुझेकै हुनुपर्छ। क्रान्तिकारी युद्ध आम जनताको युद्ध हो र आम जनतालाई संचालित गरेर र उनीहरूमाथि भरोसा राखेर मात्र यसलाई चलाउन सकिन्छ। वर्तमान समयमा हाम्रो केन्द्रीय अभिभारा भनेको क्रान्तिकारी युद्धमा भाग लिन ब्यापक जनतालाई संचालित गर्नु, यस्तो युद्धद्वारा साम्राज्यवाद, विस्तारवाद, दलाल नोकरशाही पूँजीवादी, अर्ध-सामन्तवादी र अर्ध-औपनिवेशिक अर्ध-नवऔपनिवेशिक राज्य व्यवस्थाको तख्ता पल्टाउनु, मुलुकभर क्रान्तिलाई फैलाउनु र नेपालबाट साम्राज्यवाद विस्तारवाद तथा सम्पूर्ण प्रतिक्रियावादीहरूलाई धपाएर पठाउनु।

खासमा भन्ने हो भने जसले यस केन्द्रीय अभिभारालाई पर्याप्त महत्व दिन्दैन त्यो असल नेता र क्रान्तिकारी कार्यकर्ता होइन। यस गम्भिर विषयलाई हाम्रा कामरेडहरूले अत्यन्तै महत्वका साथ बुझेकै हुनुपर्छ र उनीहरूले कुनै हालतमा पनि ब्यापक जनताको तातकालिक, उनीहरूको भलाईको समस्यालाई बेवास्त गर्ने छैनन् र त्यसको कम मूल्यांकन गर्ने छैनन्। किनभने निश्चय पनि क्रान्तिकारीहरूलाई यो थाहा हुनै पर्छ कि क्रान्तिकारी युद्ध शोषित पिडित आम जनताको युद्ध हो र आम जनतालाई संचालित गरेर र उनीहरूमाथि भरोसा राखेर मात्र सही सलामत यसलाई चलाउन सकिन्छ।

क्रान्तिकारी आन्दोलन वा युद्ध चलाउन जनतालाई संचालित गर्नु अपरिहार्य छ। हाम्रो नेपाल कृषि प्रधान देश भएकाले यहाँका अत्यधिक श्रमिक जनता भनेका किसानहरू नै हुन्। यसो भन्दै गर्दा हामीले अत्यन्तै महत्वका साथ ख्याल गर्नु पर्ने कुरो के हो भने क्रान्तिकारी आन्दोलन (युद्ध) चलाउनका लागि जनतालाई संचालित मात्र गर्छौं र अरु कुनै काम गर्दैनौं भने के हामी शत्रुलाई पराजित गर्न सक्छौं ? अवश्य पनि सक्दैनौं। विजय प्राप्त गर्ने हो भने यसैसँग सम्बन्धित हामीले अरु धेरै काम गर्नुपर्छ।

हामीले जमिनको लागि किसान संघर्षहरूको नेतृत्व गर्नु पर्छ र उनीहरू मध्ये भूमिहिन किसान र गरिव किसानहरूमा समूचित ढङ्गले जमिनको वितरण गर्नुपर्छ, उनीहरूको श्रम-उत्साहलाई बढाउनुपर्छ र कृषि उत्पादनमा बृद्धि गर्नुपर्छ, मजदुरहरूका हक-हितहरूको रक्षा गर्नु पर्छ र राज्यको बेथिति र गैर जिम्मेवारी प्रवृत्तिले गर्दा चौतर्फि मार खपेर जिउन बाध्य आम-जनताको सामु रहेका खाद्यान्न, वास तथा कपडा, इन्धन, चामल, खानेतेल, नुन, रोग तथा स्वास्थ्य रक्षा र अन्य सामाजिक व्यवहारका समस्याहरू समाधान गर्ने प्रति हाम्रो ध्यान जानुपर्छ। हामीले यसो गऱ्यौं र गर्न सक्यौं भने आम जनताले अवस्य नै हामीलाई समर्थन गर्नेछन् र क्रान्तिलाई आफ्नो सबभन्दा गौरवशाली झण्डा, आफ्नो जीवन, ठान्नेछन्।

विश्व-मानव-समाजको विकास क्रममा एक प्रकारको जूका (सुलुप्या ब भिभअज) यी मानव समाजका दुष्ट-जनहरू (फासिष्ट तानाशाहिहरू) ले आदिमकाल देखि भने जस्तो विशेषत पितृसतात्मक युग देखि दुनियालाई पंगु बनाई आफ्नो लुटको संसार कायम् राख्न आध्यात्मवादको चक्रब्यू रचेर "कर्म गर फलको आशा नगर" भन्ने जस्ता सन्देश फिजाई, धर्म-कर्मका नाउँमा धार्मिक आर्थिक, सामाजिक तथा राजनीतिका अनेकन संजाल फिंजाई त्यसभित्र आफ्नो पूर्ण सुरक्षाको निम्ति समय सापेक्ष अत्याधुनिक सशस्त्रधारी सेनाहरूको फलामे बार (किल्ला) भित्र सुरक्षित रहिआएका त्यस्ता दुष्टजन फासिष्ट तानाशाहीहरू विरुद्ध, जव दुनियामा मजदुर, किसान र श्रमजीवी जनता सचेत भई जुरमुराएर पुरै तयारीका साथ सशस्त्र संघर्षमा उत्रीन थाल्दछ, तव त्यस्ता दुनिया-मारा फासिवादी तानाशाहीहरूको तख्ता उल्टेको मात्र होइन, त्यस्ताको नामोनिशान नै मेटेर गएको ऐतिहासिक उदाहरण लेनिनको नेतृत्वमा रुसमा अक्टुवर क्रान्ति सम्पन्न भएको छ भने माओको नेतृत्वमा चिनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भएको हाम्रो सामू ज्वलन्त उदाहरणहरू छन्।

वर्तमान स्थितिमा अमेरिकी साम्राज्यवादले निर्माण गरेको मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) परियोजना हिन्दमहासागर रणनीति अन्तरगत रहेका सम्पूर्ण मुलुकलाई आफ्नो पक्षमा पारेर चिनको वर्तमान स्थिति विश्वव्यापी आर्थिक समृद्धितर्फ सहयोग र समर्थन बढ्दै गइरहनुलाई छेक थुनगरी चिन विरुद्ध युद्ध लाड्न नेपालको स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न भू-अखण्ड नेपालको भूमिलाई रणक्षेत्र बनाउँदै, सिंगो नेपाललाई अमेरिकी साम्राज्यवादको उपनिवेश बनाउन लाउन, नेपालको वर्तमान सरकारको नेतृत्वदायी शेरबहादुर देउवा लगायत अन्य संसदीय दलहरू अवद्ध विदेशी शक्तिकेन्द्रका दलालहरू एमसीसी परियोजनालाई संसदबाट अनुमोदन गर्न गराउन मरिहत्य गरी लागिपर्दै आइरहेका छन्। अर्कोतर्फ अमेरिकी साम्राज्यवादको इरादा भारतलाई आफुतर्फ उन्मुख पारी सार्क संगठनलाई समेत ध्वष्ट पार्ने षडयन्त्र रच्नमै बेस्त रही आएका छन्। भने नेपालका देशभक्त स्वाभिमानी नेपाली जनसमुदाय एमसीसी परियोजना विरुद्ध एकजुद्ध भई देशव्यापी संघर्षमा उत्रन्दै आइरहेको वर्तमान स्थिति हो।

यतिखेर आफ्नो देश नेपालको स्वाधिनताको रक्षार्थ, अमेरिकी साम्राज्यवादले विछाएको एमसीसी परियोजना विरुद्ध खुलेर संघर्षमा उत्रेका देशभक्त स्वाभिमानी नेपाली जनसमुदायलाई साम्राज्यवादका दलाल वर्तमान सरकारका नाइके शेरबहादुर देउवाले बिना हिचकिचाहत संघर्षरत देशभक्त स्वाभिमानी नेपाली जनसमुहलाई नाङ्गो पाराले घरपकड गर्न थालेका छन्। भने अर्का देशद्रोही जसले विगतमा यिनै शेरबहादुर देउवाकै नेतृत्वमा गठित मन्त्रीपरिषदका अर्थमन्त्री हालका कानुन तथा न्यायमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले गुपचुप तरिका अपनाई, त्यतिखेर अमेरिका पुगेर एमसीसी परियोजनाको सम्झौता गरी आएका थिए।

अहिले उनै देशद्रोही साम्राज्यवादी दलाल ज्ञानेन्द्रबहादुर कार्कीले नेपालको स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न भू-अखण्ड राष्ट्रमाथि अमेरिकी साम्राज्यवादको उपनिवेश बनाउनुको सँगै नेपाली भूमिलाई अमेरिकी साम्राज्यवादकै चाहना अनुरूप रणक्षेत्रमा परिणत गर्न एमसीसी परियोजना संसदबाट अनुमोदन गर्न गराउन नाङ्गो तरिकाले लागि पर्दै आइरहेका छन्। यस्ता देश द्रोही जो कोही जनतामारा विदेशी (साम्राज्यवादी) दलालहरूलाई नाङ्गेझार पार्दै बहुला कुकुरलाई लखेत्यायझैं लखेतेर सत्ताबाट मात्र होइन, अपितु देश निकाला गरी पठाउन, देशभक्त स्वाभिमानी नेपाली जनसमुदाय जुझारु ढङ्गले क्रान्तिकारी पारा अपनाई संघर्षको मैदानमा उत्रनु नै आजको यो राष्ट्रिय आवश्यक्ता हो।

क्रान्तिकारीहरूले अत्यन्तै महत्वका साथ बुझ्नु पर्ने कुरो भनेको, फलामको सच्चा किल्ला भनेको के हो त ? फलामको सच्चा किल्ला भनेको शोषित पिडित आम जनता हुन्, क्रान्तिलाई साँच्चिकै र दिलैदेखि समर्थन गर्ने करोडौं जनता हुन्। त्यो यस्तो सच्चा फलामे किल्ला हो, जस्लाई संसारका कुनै पनि फासिवादी तानाशाहिहरूको शक्तिले कुनै हालतमा पनि ध्वस्त पार्न सक्दैन।

प्रतिक्रान्तिले पनि हामीलाई छुन र नष्ट पार्न सक्दैन, बरु त्यसको उल्टो हामी त्यसलाई ध्वस्त पार्नेछौं। करोडौं शोषित पिडित जनतालाई क्रान्तिकारी पार्टीको वरिपरि एकत्रित गरेर र आफ्नो क्रान्तिकारी आन्दोलन (युद्ध) को प्रसार गरेर हामीले सम्पूर्ण फासिवाद र प्रतिक्रान्तिलाई मिटाउने छौं र हाम्रो सिङ्गो नेपालमाथि हामी अधिकार जमाउने छौं।

वर्तमान नेपालमा विभिन्न प्रकारका साम्राज्यवादी, विस्तारवादी शक्तिहरको हालीमुहाली बढ्दै गइरहेको छ। दलाल नोकरशाही राज्यसंयन्त्र बाहिरी रूप हेर्दा शक्तिशाली बन्दै गईरहेको जस्तो देखिन्छ तर भित्री रूपमा बिलकूल खोक्रो अपनत्व भन्ने नामनिशान नै छैन, अर्थात किशानहरूले आफ्नो खेत-बारीमा पशु-पंछीबाट बाली नाली जोगाउन ठड्याई राख्ने नेपाली अनुहारका ती बुँखयाचा (Scarecrow) को रूप रेखा बन्दै गइरहेको छ।

सामन्ति संस्कृतिले विद्यमान राज्य संरचनालाई यथास्थितिमा कायम राख्न आधार प्रदान गरिरहेको छ। यस प्रकारका विभिन्न कारणहरूले गर्दा नेपाली समाज, अर्ध-सामन्ति तथा अर्ध-औपनिवेशिक नवऔपनिवेशिक स्थितिबाट गुज्रिरहेको छ। जसबाट नेपाल र नेपाली समाजलाई मुक्तिको निम्ति बल प्रयोग एक अनिवार्य सर्त बन्न पुगेको छ।

हामी क्रान्तिकारी युद्धका नेता तथा संगठन कर्ता र साथै आम-जनताको जीवनका नेता र संगठनकर्ता पनि हौं। क्रान्तिकारी संगठन गर्नु र आम-जनताको जीवनमा सुधार ल्याउनु हाम्रा दुइता प्रमुख अभिभारा हुन्। यस सम्बन्धमा हाम्रो सामने कार्य-तरिकाको गम्भिर समस्या विद्यमान छ। अभिभारा निर्धारित गरेर मात्र पुग्दैन, हामीले त्यसलाई पुरा गर्ने कार्य-तरिकाको समस्या पनि समाधान गर्नुपर्छ। भन्नुको मतलव दुनियामा कुनै पनि काम गर्न जनताको साथ बिना सम्भव हुन्दैन भन्ने कुरा निर्विवाद छ।

जनताको साथ पाउन जनता माझ हामी जानैपर्छ र उनीहरूसँग खुल्ला दिलले हेलमेल भई उनीहरूको विश्वास जित्न सक्नु पर्दछ। उनीहरूको विश्वास जित्नु भनेको, भने जस्तो त्यति सजिलो कुरा होइन। उनीहरूको विश्वास जित्न उनीहरूको दैनिक जीवनमा आइपरी राखेका महंगिको मार खाद्यान्न, बास, कपडा तथा चामल, नुन तेल र इन्धनको सँगै रोगब्यादि तथा सामाजिक जीवनका विवाह, ब्रतबन्ध जस्ता अनेकन समस्याहरू प्रति सहानुभूति मात्र हैन, भित्रैदेखि जिम्मेवार बनी उनीहरूको हर समस्या समाधान गर्न सदा साथ रहेर आत्मियता जताउनु नितान्त जरुरी छ।

यदि हामी अभिभारालाई निर्धारित मात्र गर्छौं र त्यसलाई पूरा गर्ने उपरोक्त तरिकामा ध्यान दिन्दैनौं भने, यदि हामी नोकरशाही कार्य-तरिकाको विरोध गर्दैनौं र ब्यावहारिक तथा ठोस कार्य-तरिका अपनाउँदैनौं भने र यदि हुकुमवादी तरिकालाई परित्याग गेरर धैर्यपूर्वक सम्झाउने बुझाउने तरिका अपनाउँदैनौं भने हामीले गर्ने राजनैतिक अपिल तथा क्रान्तिकारी युद्ध (आन्दोलन) मा शोषित पीडित आम-जनताको साथ पाउन सकिन्न भन्ने कुरो भुलेर पनि बिर्सनु हुन्न, किनकि क्रान्तिकारी युद्ध आम-जनताको युद्ध हो।

हामी क्रान्तिकारी पार्टीका क्रान्तिकारी कम्युनिष्ट हौँ यस अर्थमा हामीले उथान गर्ने हर विषय र काम कुरो पुरातन समाज (दास युग र सामन्तवादी युग) ले सृजना गरेको दुनियालाई पंगु बनाई सदा सर्वदा आफु सर्वश्रेष्ठ बनी दुनियालाई ठगी खाने शैक्षिक प्रणाली, किताबी ज्ञान र व्यवहारिक ज्ञान बीचको खाडललाई जतिसक्यो उति गहिराई बनाउँदै लाने जस्ता गलत प्रकृयालाई खारेज गरी, सही रूपमा जन साधारणलाई शिक्षित तुल्याउन वैज्ञानिक जनवादी शिक्षा-प्रणाली लागु गर्न, क्रान्तिकारी पार्टीको क्रान्तिकारी कार्य तरिका अपनाउँदै अगाडि बढ्न, प्रति क्रान्तिकारीहरूले क्रान्तिलाई उपहास गर्ने समपूर्ण कार्यवीधीलाई निर्मूल पार्दै, दश वर्षिय महान जनयुद्धताक अपनाई आएका शैक्षिक एवम् व्यवहारिक ज्ञानलाई तालमेल मिलाई आम-जनतामा घुलमेल भई उनीहरूको विश्वास जितेर अगाडि बढ्न आजका क्रान्तिकारीहरूले जमर्को गर्नैपर्छ।

क्रान्तिकारी पार्टीका प्रत्येक क्रान्तिकारी नेता तथा कार्यकर्ताहरूले म शासक तिमीहरू शासित हौ भन्ने जस्ता व्यवहारबाट माथि उठी, नेताले आफ्ना कार्यकर्ताहरूसँग घुलमेलभई आत्मियता जताउने, कार्यकर्ताले आम-जनतासँग घुलमेलभई आत्मियता जताउने व्यवहारिक ज्ञान र शिपबाट निपूर्ण हुनु नितान्त जरुरी छ। जस्तो कि विश्व सर्वहारावर्गका महान नेता लेनिन र माओले आफुहरू अनेकौं कामकुरोमा व्यस्तताका बाबजुद पनि आवश्यक समयको तारतम्य मिलाई नेता नेताहरूको माझमा मात्र हैन, सर्वसाधारण कार्यकर्ताहरूको कोठा कोठामा त्यो पनि नेताको हैसियतले होइन।

आफु पनि साधारण कार्यकर्ताकै रूपमा सामाजिक, आर्थिक तथा राजनैतिक विषय वस्तुको समय सापेक्ष ढङ्गले छलफल चलाई प्रशिक्षणलाई व्यवहारिक रूपले मूर्त रूपदिई, रुसमा अक्टुवर क्रान्ति, चिनमा नयाँजनवादी क्रान्ति सफल तुल्याएका थिए। यहाँ पनि हाम्रा नेता तथा कार्यकर्ताहरूले त्यसै अनुरूपको सोच र चरित्र ग्रहण गरी हाम्रो नेपालको वस्तुस्थितिसँग मेल हुने गरी व्यवहारिक ज्ञान र शिप हासिल गरेर क्रान्तिकारी छलाङ्ग मार्न सक्नुपर्दछ। अन्यथा सतहमा देख्ने गरी सदा सर्वदा घनिभूत रूपले पार्टी मिटिङ्गमा वेष्ट रहेर अनेक खाले क्रान्तिकारी कार्यक्रम तर्जुमा गर्नुको सँगसँगै क्रान्तिकारी अभियान संचालन गर्दै हिँड्नुको कुनै औचित्य रहन्न भन्ने कुराको हेक्का राख्नैपर्छ।

क्रान्ति गर्न र हुनको निम्ति समय र परिस्थितिभित्र खुम्चेर होइन, समय र परिस्थितिलाई आफु अनुकूल बनाई आजको आवश्यक्ता अनुरूप पूर्णतः व्यवहारिक रूपले क्रान्तिकारी पृष्ठभूमि तयार पारी जुझारु ढङ्गले अगाडि बढ्नु पर्दछ। यसो भनेर फेरि देश व्यापि रूपमा एकसाथ अगाडि बढ्नु पर्छ भन्ने होइन। पार्टीको सुदृढ स्थिति र ठाउँ विशेषको तयारी र अनुकूलता हेरि देशको कुनै पनि क्षेत्रबाट क्रान्तिकारी छलाङ्ग मार्न सकिन्छ। तर अल्लारे र हचुवा तालले होइन, क्रान्तिकारी सचेतता अपनाई जिम्मेवारी तौरतरिकाले बुद्धिमानि पूर्ण ढङ्गले छलाङ्गमार्नु पर्छ।

युद्ध-संचालन गर्ने प्रत्येक पक्षको मनोगत सामर्थले पनि त्यसलाई निर्धारित गर्छ। युद्ध जितने आफ्नो प्रयासमा कुनै पनि रणनीतिज्ञले भौतिक परिस्थितिद्वारा निश्चित गरिएको सीमालाई नाघ्न सक्दैन, तर सो सिमाभित्र रहेर उसले बिजयको निम्ति प्रत्यत्न गर्न सक्छ र प्रयत्न गर्नुपर्छ। एकजना रणनीतिज्ञका लागि चाहिने कार्वाइको मंच वस्तुगत भौतिक अवस्थाहरूको जगमाथि बनेको हुन्छ र त्यस मंचमा उसले राग तथा रंग, ओजस्विता र महिमाले परिपूर्ण अनेकौं नाटकहरूको अभिनय गर्न सक्छ। तसर्थ, कुनै निश्चित भौतिक आधारमा, अर्थात जनसेना (लडाकु), राजनैतिक आर्थिक तथा प्राकृतिक स्थितिहरूको आधारमा क्रान्तिकारीहरूले आफ्नो पराक्रमको प्रदर्शन गर्नुपर्छ र राष्ट्रिय तथा वर्गीय शत्रुहरूलाई खतम पार्न र यस भाँरभैल संसारलाई फेर्नका लागि आफ्ना सारा शक्तिहरूलाई व्यवस्थित पार्नुपर्छ।

हामीले युद्ध संचालन गर्ने आफ्नो मनोगत सामर्थ्यलाई प्रयोग गर्न सक्छौं र प्रयोग गर्नुपर्छ। हामी हाम्रो पार्टीका जिम्मेवार कुनै पनि नेता वा कार्यकर्ताहरूलाई जोशमा आँखाले नदेख्ने भएर गल्ति गर्ने अनुमति दिन सक्दैनौं मात्र होइन, देश र जनताले पनि त्यस्तो अनुमति दिने छैनन्। हामी निश्चित रूपले के चाहान्छौं भने हाम्रा प्रत्येक नेता र कार्यकर्ताहरू यस्तो बीर बनुन् जो बहादुर र बुद्धिमान दुबै हुन्छ र जसमा सब बिजयी साहस र सम्पूर्ण युद्धको क्रममा हुने परिवर्तनहरूमा स्थितिलाई सम्हाल्न सक्ने सामर्थ्यवान दुवै हुन्छ। युद्धको महासागरमा पौडि खेल्दा, उसले डुब्नेबाट बच्ने मात्र होइन, बरु सावधानि पूर्वक चाल मारेर अर्को किनारमा पुग्ने कुरोलाई सुनिश्चित पार्नुपर्छ। युद्धका निर्देशक नियमहरू युद्धका महासागरमा पौडि खेल्ने कला हुन्। यसमा क्रान्तिकारी नेता तथा कार्यकताहरू सक्षम र निपूर्ण हुनैपर्छ। यसरी मात्र हामीले हाम्रो क्रान्तिकारी अभिभाराको लक्ष र उद्देश्य पूरा गर्न सक्नेछौं, अर्थात, सशस्त्र जनविद्रोह (नयाँ जनवादी क्रान्ति) सफल पारी यसै माध्यम बैज्ञानिक समाजवाद हुँदै साम्यवादमा छलाङ्ग मार्न सक्षम् हुनेछौं। २०७८/५/२४

*ताहाचल, काठमाडौँ*

# बिश्व चीनको ऋण-खोरमा परेरै भएको हो त बिरोध ?



● लोकनारायण सुबेदी ●

यतिबेला चिन बिरोधी अमेरिकी खेमातर्फ रहेका बिभिन्न पश्चिमा गठबन्धनका देशहरूले चीनले बिश्वलाई ऋणको खोर(डेब्ट-ट्र्याप)मा पारिरहेको आरोप जोडदाररूपमा लगाइरहेका छन् । उनीहरू भन्छन् - 'आफ्नो बढ्दो आर्थिक तथा सैन्य शक्तिलाई निरन्तर दुरूपयोग गर्दै बद्लिदो बिश्व ब्यबस्थामा उत्तरोत्तर मुखर तथा आक्रामक हुँदै गएको चीनले आफ्नो प्रभूत्व कायम गर्न चाहन्छ' । उनीहरूको फत्तुर के छ भने 'बिश्वमा डेब्ट-ट्र्याप षडयन्त्र अन्तरगत आधारभूत ढाँचाको बिकासको नाममा अरु देशहरूलाई ऋण दिने र त्यो फिर्ता गर्न नसकेको स्थितिमा ती देशका संसाधनहरूमाथि कब्जा गर्न शुरु गर्ने काम चीनले गर्न थलेका छ' भनेर यसमा सबैभन्दा अगाडि सरेर 'हिन्द-प्रशान्त' गठबन्धन र 'क्वाड' गठबन्धनमा संलग्न भारत चीनको बिरोध गर्नमा सबैभन्दा अग्रसर देखिएको छ । पाकिस्तान, श्रीलंक र माल्दीभ्स चीनका सबैभन्दा ठूला ऋण लिने राष्ट्रहरू हुन् भन्ने औंल्याउँदै के उसले भनिरहेको छ भने चीनले पाकिस्तानको ग्वादर बन्दरगाहमा ६२ अर्ब डलर खर्च गरिरहेको छ र यसरी पाकिस्तानलाई ऋणमा फँसाइरहेको छ । चीनको डेढ बिलियन डलर ऋणको साटोमा उसले श्रीलंकाको हबनटोटा बन्दरगाहा चीनलाई सुम्पिनु परको हो भनेको छ । कोलम्बो बन्दरगाह पनि चीनलाई श्रीलंकाले दिइसकेको उसले बताएको छ ।

त्यसरी नै चीनले चार बर्ष पहिला २०१७ मा एक अर्ब डलर फण्ड तथा बेल्ट एण्ड रोड इनिसिएटिभ अन्तरगत ३० अर्ब डलरको लगानी मंगोलियामा पनि गरिसकेको भारतले औंल्याएको छ । अनि त्यो ऋणबाट बाहिर निस्कन मंगोलियालाई सहज छैन भन्ने डर पनि उसले देखाएको छ । बन्दरगाह बिकसित गर्न र यातायात सञ्जाल(ट्रान्सपोर्ट नेटवर्क) लाई बढावा दिनका लागि मोण्टेनिग्रो पनि चीनको ऋणको जालमा फसिसकेको भारतीय बिश्लेषकले बताएको छ । त्यसैगरी ताजकिस्तानमा पनि ऋणको बोझले थिचिएको र त्यस्तो ऋणको चीनको हिस्सा ८० प्रतिसशत रहेको समेत उल्लेख गरेको छ । किर्घिर्जिस्तानमा पनि सन् २०१६ मा चीनले १.५ अर्ब डलर लगानी गरेको उसले बताएको छ । त्यहाँ पनि कूल बिदेशी ऋणमा चीनको अंश ४० प्रतिशत रहेको बताइएको छ । त्यसरी नै आधारभूत संरचना(ढाँचा) बिकसित गर्ने नाममा चीनले टोंगा, कंगो, कम्बोडिया, बंगलादेश नाइजर र जाम्बिया जस्ता देशहरूमा ती देशका जीडीपीभन्दा २० प्रतिशत बढी ऋण दिएको पनि उल्लेख गरेको छ । जीबुतीमा चीनको १० बिलियन डलरको लगानी छ र उसले ऋणको जालमा फँसाएर त्यहाँको डोरलेह बन्दरगाह आफ्नो कब्जामा लिइसकेको पनि बताइरहेको छ ।अफगानिस्तानमा केही बर्षदेखि चीनको चाख आफ्नो बीआरआई(बेल्ट एण्ड रोड) परियोजनालाई लिएर बढेको उल्लेख गरिन्छ । अमेरिका त्यहाँ असफल भएर हटेपछि चीन अफगानिस्तानमा आफ्नो प्रभाव बढाउने प्रयासमा रहेको र पाकिस्तान मार्फत चीन तालिबानसँग जोडिने कोशिश गरिरहेको एकथरी बिश्लेषकहरूको कथन छ । नयाँ रेशम मार्ग(न्यू सिल्क रोड) परियोजनामा यूरोपका २० भन्दा बढी देश शामेल भइसकेका छन् । त्यसमा रुस पनि सामेल छ । ग्रीसमा चीनले पिरायस बन्दरगाहलाई बिस्तार गर्ने लगानी गरेको छ । सर्बिया, बोस्नियाँ-हर्जेगोभिना तथा उत्तरी मेसोडोनियामा सडक र रेल निर्माणमा पनि चीनले लगानी गरेको छ । त्यो डेब्ट-ट्र्यापकै हिस्सा हो भन्ने उनीहरूको दाबी छ ।

अत्यन्तै ठूलो बेहिसाब ऋणले कुनै पनि देशको आत्मनिर्भरता त समाप्त हुने गर्दछ नै । त्यसको साथसाथै त्यो देशको संप्रभूता पनि खतरामा पर्न जान्छ । भारतीय बिश्लेषकहरू भन्दैछन् कि चीनको कथित डेब्ट-ट्र्यापको षडयन्त्रलाई बिश्वले बुझ्न थालेको छ । अनि त्यसको बिरोध पनि शुरु भइसकेको उनीहरू बताउँदछन् । मध्यपूर्ब तथा यूरोपेली देशहरूसँग आफ्नो ब्यापारिक सम्वन्धलाई सबल तुल्याउनका लागि ९ बर्ष अघि २०१२ मा बनाएको सीईईसी फोरम, जसमा यूरोपका १७ देश सामेल रहेका छन् भने १८औं देश स्वयं चीन रहेको छ । त्यस फोरमलाई २८ लाख जनसंख्या भएको लिथुआनियाले बिभाजनकारीको आरोप लगाएर छोडेको कुरालाई उनीहरू उदाहरणकारूपमा देखाइरहेका छन् । बुडापेस्टमा १.८ अर्ब डलर लगानी गरिएको शंघाईको फुदान बिश्वबिद्यालयको शाखा जुन २७ देश मिलेर बनेको पहिलो चीनीयाँ बिश्वबिद्यालय क्याम्पस हुँदैछ, त्यो खोलेर बामपन्थी बिचारधाराको प्रसार भएको भन्ने बिरोधमा हजारौले प्रदर्शन गरिरहेको कुरा पनि अहिले उठाइएको छ । त्यसमा संसद घेर्ने र 'शी जिनपिङ्ग मूर्दाबाद' भन्ने नारा समेत लागेको प्रायोजित कुराको समेत पनि उनीहरूले औंल्याउन छाडेका छैनन् ।

यसै सम्वन्धमा ती बिश्लेषकहरूले अफ्रिकी देशहरू पनि चीनको फन्दा र उसले गर्ने गरेको लगानीको फाइदा-बेफाइदाको मिहीन तरीकाले हिसाब किताब र आकलन गरहेको पनि उल्लेख गर्नथालेका छन् । उनीहरू यस सन्दर्भमा अफ्रीकी देश ताञ्जानियाँले चिनीयाँ लगानीको छानबनि गरेर १० बिलियन डलरको चिनीया ऋण सम्झौता रद्द गरिदिएको औंल्याउदैछन् । मलेशियाले पनि चीनीया ऋणको 'माकुरी जाल'बाट आफ्नो बचाउ गर्न २३ अर्ब डलरको परियोजनालाई रद्द गरिदिएको बताउने गरेका छन् । म्यानमारले पनि श्रीलंकाको स्थितिलाई देखेर चीनीया परियोजनालाई सानो राख्ने योजनामा छ भन्दै आएका छन् ।

चीन सैन्य शक्तिको बलमा ताइबानलाई कब्जा गर्नका लागि बेचैन रहदै आएको पनि उनीहरूको फत्तुर छ । तर चीनको एक चीन नीतिलाई कथित बिस्तारबादी नीतिको हिस्सा मान्दै जापानले ताईवानलाई चिनीया नक्शाबाट अलग गरी देखाएको छ । अनि चीनले जापानमाथि परमाणु युद्धको धम्की समेत दिइसकेको पनि भारतको दाबी छ । भारतले भनेको छ कि चीनको तथाकथित बिस्तारबादी नीति तथा ऋणको जालबाट मुक्तिका लागि आज बिश्वका देश पहिलाभन्दा मुखर हुँदै आएको पनि देखिदैछ र यसमा भारतको निकै ठूलो भूमिका पनि रहेको छ अनि भारत भने कहिल्यै आफु बिस्तारबादी नरहेको दाबी पनि गरिएको छ। ५४ देशहरूको संगठन हर्ष-५४ देशहरूको हिमालय-हिन्द महासागर राष्ट्र समूह), जुन साँसकृतिकरूपले एक तथा ब्यापारिक रूपले प्राकृतिक रहेको छ, लाई सबल तुल्याउनाले चीनीया कथित साम्राज्यबादमाथि प्रहार कमजोर हुने अनि 'क्वाड'को सक्रियताले पनि चीनीयाँ बिस्तारबादमाथि अंकूश लाग्ने यो समूहको बिश्वास रहेको देखिन्छ । यसरी चीनको बिरोधमा 'ऋण-खोर'को आवरणमा निकै गठबन्धन बनाउने अनेकौ कोशिश चलिरहेको यसबाट प्रष्ट हुन्छ । चीनले यी आरोपहरूको खण्डन ब्यबहार र नीतिगत दुबैरूपमा गर्दै आएको छ र बिश्वको साझा बिकास र भबिष्यका लागि आफु सहयोगी बन्ने कुरालाई निरन्तर अघि सार्दै आएको छ ।

## कमरेड गोन्जालोको निधनमा शोक सन्देश जारी गर्दै क्रान्तिकारी माओवादीले भन्यो- 'क.गोन्जालोको योजनाबद्ध हत्या', हार्दिक श्रद्धाञ्जली व्यक्त



सन्देशमा विश्वभरिका क्रान्तिकारी पार्टी तथा मानवाधिकारवादी सङ्घसंस्थाहरूले उहाँको जीवन रक्षा र शिघ्र रिहाइका लागि गम्भीर आवाज उठाउँदा पनि उहाँको उपचार र जीवन रक्षाप्रति पेरुको प्रतिक्रियावादी सरकार कहिल्यै सम्वेदनशील नरहेको र त्यहाँको सरकारले सैन्य अस्पतालमा निधन भएको भने पनि यो उहाँको योजनाबद्ध हत्या भएको दाबी गरिएको छ ।

शोक सन्देशमा भनिएको छ, 'क. गोन्जालोले १९६०को दशकमा पेरुमा कम्युनिस्ट पार्टीको पुनर्गठन प्रक्रिया सुरु गर्नु भयो । मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक मार्गदर्शनमा साइनिङ् पाथले १९८० देखि पेरुमा दीर्घकालीन जनयुद्धको थालनी गऱ्यो । करिब बाह्र वर्षको अवधिपछि प्रत्याक्रमणको योजना निर्माण गर्ने प्रक्रियामा उहाँलाई लिमाबाट गिरफ्तार गरियो । त्यसपछि उहाँले निरन्तर २९ वर्षसम्म दुश्मनको कालकोठरीमा सङ्घर्ष गर्नु भयो । पेरुको क्रान्तिले नेपालमा जनयुद्धको थालनीका लागि महत्वपूर्ण वैचारिक भूमिका खेलेको कुरा हामीले कहिल्यै बिर्सन सक्दैनौ । कसैले मान या नमान पेरुमा लालझण्डा फहराइरहेको छ भनी महान् सहिद क. रामवृक्ष यादवले त्यतिबेला लेखेको गीत अहिले पनि जो कोही क्रान्तिकारीको कानमा गुञ्जिरहन्छ ।'

वक्तव्यमा अगाडि उल्लेख गरिएको छ, 'क. गोन्जालो आस्था एवम् विश्वासको प्रतीक र दुश्मनका सामु कहिल्यै नझुक्ने क्रान्तिकारी हुनुहुन्थ्यो । उहाँको निधनले विश्व कम्युनिस्ट आन्दोलनलाई गम्भीर क्षति पुगेको छ । यस दुःखद घडीमा हाम्रो पार्टी क. गोन्जालोप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र साथै पेरु कम्युनिस्ट पार्टी तथा त्यहाँका क्रान्तिकारी जनताप्रति ऐक्यबद्धता जाहेर गर्दछ ।'

शोक सन्देशको सुरुमै भनिएको छ, 'पेरुको एउटा सानो शहर मोलेण्डोमा डिसेम्बर ३, १९३४ मा जन्मिनु भएका पेरु कम्युनिस्ट पार्टी (साइनिङ् पाथ) का नेता डाक्टर अविमायल गुजमान (क. गोन्जालो) को पेरुको कलाओ स्थित जलसेनाको अड्डामा हिजो सेप्टेम्बर ११ का दिन निधन भएको छ । सेप्टेम्बर १२, १९९२ मा लिमाबाट गिरफ्तार हुनुभएका क. गोन्जालोलाई आजीवन कारावासको सजाय दिएर अमेरिकी साम्राज्यवादको कठपुतली फुजीमोरी सरकारले कालकोठरीमा बन्दी बनाएको थियो । पछिल्लो समयमा उहाँ छालाको क्यान्सरबाट पीडित हुनुहुन्थ्यो । विश्वभरिका क्रान्तिकारी पार्टी तथा मानवाधिकारवादी सङ्घसंस्थाहरूले गम्भीर आवाज उठाउँदा पनि उहाँको उपचार र जीवन रक्षाप्रति पेरुको प्रतिक्रियावादी सरकार कहिल्यै सम्वेदनशील रहेन । त्यहाँको सरकारले सैन्य अस्पतालमा निधन भएको भने पनि यो उहाँको योजनाबद्ध हत्या हो भनेर यतिबेला विश्वभरि आवाज उठेको छ ।'

संसारका मजदूरहरु एक हौं !                    मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद !

**नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)**
**Communist Party of Nepal (Revolutionary Maoist)**
केन्द्रीय समिति
Central Committee

पत्र संख्या/Serial No. :–
चलानी नं./Regd. No. :–

### शोकसन्देश

पेरुको एउटा सानो शहर मोलेण्डोमा डिसेम्बर ३, १९३४ मा जन्मिनु भएका पेरु कम्युनिस्ट पार्टी (साइनिङ् पाथ) का नेता डाक्टर अविमायल गुजमान (क. गोन्जालो) को पेरुको कलाओ स्थित जलसेनाको अड्डामा हिजो सेप्टेम्वर ११ का दिन निधन भएको छ । सेप्टेम्वर १२, १९९२ मा लिमाबाट गिरफ्तार हुनुभएका क. गोन्जालोलाई आजीवन कारावासको सजाय दिएर अमेरिकी साम्राज्यवादको कठपुतली फुजीमोरी सरकारले कालकोठरीमा बन्दी बनाएको थियो । पछिल्लो समयमा उहाँ छालाको क्यान्सरबाट पीडित हुनुहुन्थ्यो । विश्वभरिका क्रान्तिकारी पार्टी तथा मानवाधिकारवादी सङ्घसंस्थाहरुले गम्भीर आवाज उठाउँदा पनि उहाँको उपचार र जीवन रक्षाप्रति पेरुको प्रतिक्रियावादी सरकार कहिल्यै सम्वेदनशील रहेन । त्यहाँको सरकारले सैन्य अस्पतालमा निधन भएको भने पनि यो उहाँको योजनाबद्ध हत्या हो भनेर यतिबेला विश्वभरि आवाज उठेको छ ।

क. गोन्जालोले १९६०को दशकमा पेरुमा कम्युनिस्ट पार्टीको पुनर्गठन प्रक्रिया सुरु गर्नु भयो । मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक मार्गदर्शनमा साइनिङ् पाथले १९८० देखि पेरुमा दीर्घकालीन जनयुद्धको थालनी गऱ्यो । करिब बाह्र वर्षको अवधिपछि प्रत्याक्रमणको योजना निर्माण गर्ने प्रक्रियामा उहाँलाई लिमाबाट गिरफ्तार गरियो । त्यसपछि उहाँले निरन्तर २९ वर्षसम्म दुश्मनको कालकोठरीमा सङ्घर्ष गर्नु भयो । पेरुको क्रान्तिले नेपालमा जनयुद्धको थालनीका लागि महत्वपूर्ण वैचारिक भूमिका खेलेको कुरा हामीले कहिल्यै बिर्सन सक्दैनौ । कसैले मान या नमान पेरुमा लालझण्डा फहराइरहेको छ भनी महान् सहिद क. रामवृक्ष यादवले त्यतिबेला लेखेको गीत अहिले पनि जो कोही क्रान्तिकारीको कानमा गुञ्जिरहन्छ ।

क. गोन्जालो आस्था एवम् विश्वासको प्रतीक र दुश्मनका सामु कहिल्यै नझुक्ने क्रान्तिकारी हुनुहुन्थ्यो । उहाँको निधनले विश्व कम्युनिस्ट आन्दोलनलाई गम्भीर क्षति पुगेको छ । यस दु:खद घडीमा हाम्रो पार्टी क. गोन्जालोप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र साथै पेरु कम्युनिस्ट पार्टी तथा त्यहाँका क्रान्तिकारी जनताप्रति ऐक्यबद्धता जाहेर गर्दछ ।

मिति: २०७८ भदौ २७ गते

किरण
महासचिव
नेकपा (क्रान्तिकारी माओवादी)

# एमसीसीको विरुद्धमा विभिन्न जिल्लामा विरोध तथा जुलुस




***एमसीसी खारेज अभियान अन्तरगत चितवन जिल्लामा गरिएका कार्यक्रमहरूको झलकहरू***

चितवन। चितवनमा राष्ट्रघाती एमसीसी सम्झौताको खारेजीको माग गर्दै विभिन्न ठाउँमा विरोध कार्यक्रम, कोणसभाहरू, सिडियो कार्यालय घेराउ, मन्त्रीका नामका संस्थाहरू तथा उनीहरूका घर घेराउ आदि कार्यक्रमहरू सम्पन्न गरिएका समाचारहरू प्राप्त भएका छन् ।

१. चितवनमा स्वास्थ्य राज्यमन्त्री उमेश श्रेष्ठ एवं सांसद उमा रेग्मीको घरमा ब्यानर र कालो झण्डा टाँगेर एमसीसीको पक्षमा नलाग्न खबरदारी गरियो ।

२. राष्ट्रघाती एमसीसी सम्झौताको खारेजीको माग गर्दै चितवनको जिल्ला प्रशासन कार्यालय घेराउ

३. माडीको बसन्तपुर बजारमा मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)को विरुद्धमा राँके जुलुस सहितको विरोध कार्यक्रम सम्पन्न

एमसीसी खारेजी संयुक्त अभियान संघर्ष समितिले आयोजना गरेको सो विरोध कार्यक्रमका वक्ताहरूले एमसीसी राष्ट्रहित विपरीत भएको भन्दै चर्को विरोध गरेका थिए ।

उनीहरूले राष्ट्रघाती एमसीसीका लागि बजेट नै छुट्याएको भन्दै सरकारको आलोचना समेत गरे। उनीहरूले संसदबाट राष्ट्रघाती विधेयक पारीत गरिए ठूलो मुल्य चुकाउनु पर्ने चेतावनी समेत दिएका छन् ।

बुधवार साँझ करीब ६ बजे बसन्तपुर बजारमा भएको विरोध कार्यक्रममा एमसीसी खारेजी संयुक्त अभियान संघर्ष समिति माडीका अध्यक्ष चन्द्र प्रसाद सुबेदी, एमसिसी खारेजी संयुक्त अभियान संघर्ष समितिका चितवन सल्लाहकार घनश्याम सापकोटा लगायत अन्य व्यक्तित्वहरूको सहभागिता रहेको थियो ।




राष्ट्रघाती एमसीसी सम्झौताको खारेजीको माग गर्दै चितवनको नारायणगढ बजारमा प्रहरी हस्तक्षेपको वावजुत मसाल जुलुस गरियो। लायन्सचोकवाट शुरु भएको मसाल जुलुस प्रहरीको अवरोधको सामना गर्दै पुलचोक पुगेर समापन भयो। अवको अर्को कार्यक्रम राष्ट्रघाती एमसीसी सम्झौताको विपक्षमा खडा हुन नसक्ने वा त्यसको पक्षपोषण गर्ने चितवन जिल्लाका निर्वाचित तथा समानुपातिक संसदहरूको घरमा व्यानर टास्ने रहेको छ। यश कार्यक्रममा सक्रिय सहभागी हुन सम्पूर्ण जनसमुदायमा अनुरोध पनि गरेको छ ।

***एमसीसीको विरोधमा सुर्खेतमा राजनीतिक दलहरू र नागरिक समाजको संयुक्त विरोध जुलुस सम्पन्न***

सुर्खेत। एमसीसीको विरोधमा सुर्खेतमा राजनीतिक दलहरू र नागरिक समाजको संयुक्त विरोध जुलुस सम्पन्न गरिएको छ। उक्त संयुक्त विरोध जुलुसमा नेकपा (क्रान्तिकारी




माओवादी) , नेकपा र वैज्ञानिक समाजवादी कम्युनिस्ट पर्टी, नेपाल सहीत विभिन्न नगरिक सामाजका अगुवाहरूको सहभागिता थियो। विरोध जुलुसमा राष्ट्रघाति एमसीसी परियोजन खारेज गर, राष्ट्रिय स्वाधीनताको रक्षा




गरौ, दलाल संसदिय व्यवस्था मुर्दावाद, एमसीसी चाहिँदैन देश वेच्न पाईदैन, सम्पूर्ण देशभक्त वामपन्थीहरू एक हौं ! भन्ने नारा सहित एरिचोक, मंगलगडी, विरेन्द्र चोक, पिपल चौतारा हुँदै विरेन्द्र चोकसम्मको जुलुस प्रदर्शन र विरोध कार्यक्रम सम्पन्न भएको छ ।

उक्त विरोध जुलुसको नेतृत्व नेकपा( क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य तथा देजमो नेपालका कर्णाली प्रदेश अध्यक्ष दिपकबहादु शाही, नेकपाका केन्द्रिय सदस्य एटम विसि र वैज्ञानिक सामाजवादी कम्युनिस्ट पर्टी नेपालका श्याम कुवरले गरेका थिए भने जुलुसमा विभिन्न नागरिक समाज र जनताको लगाएत पार्टी नेता तथा कार्यक्रताको वाक्लो उपस्थित थियो ।

***एमसीसीको विरोधमा कालीकोटमा नेकपा(क्रान्तिकारी माओवादी) लगायत अन्य तीनदलको संयुक्त विरोध कार्यक्रम सम्पन्न***

कालीकोट। कालीकोटको सदरमुकाम मान्मामा नारा र जुलुससहीत तीनदलीय संयुक्त विरोध कार्यक्रम सम्पन्न भएको छ, जसमा नेकपा(क्रान्तिकारी माओवादी), विप्लव नेतृत्वको नेकपा र कर्णजीत बूढा नेतृत्वको माओवादी केन्द्र (समाजवादी)को सहभागिता थियो ।

जीरो प्वाइन्टबाट सुरु गरिएको विरोध जुलुसले बजार परिक्रमा गरी प्रतिमा चोकमा पुगेर कोणसभामा परिणत भएको थियो। एमसीसीको विरोधमा विभिन्न नाराहरू लगाउँदै बजारपरिक्रमा गर्दै कोणसभामा परिणत भएको सभालाई विभिन्न वक्ताहरूले सम्वोधन गरेका थिए ।

सम्वोधन गर्नेहरूमा नेकपा(क्रान्तिकारी माओवादी) कालीकोट जिल्ला सेक्रेटरी कर्णबहादुर विसी, नेकपा के स. तथा कालीकोट जिल्ला इन्चार्ज बिराट, माओवादी केन्द्र (समाजवादी)का के.स. सागर र नेकपा कालीकोट सेक्रेटरी रणजीत थिए ।

उक्त कोणसभालाई सम्वोधन गर्दै नेकपा(क्रान्तिकारी माओवादी) कालीकोट जिल्ला सेक्रेटरी कर्णबहादुर विसीले नेपालमा संसदीय व्यवस्थाको नाममा दलालहरूको सरकार र उनीहरूकै प्रतिपक्ष भएकाले देशको राष्ट्रियता र सार्वभौमिकतामाथि अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको गिद्दे दृष्टि पदै आएको छ र अमेरिकी सहयोगमा आउने भनिएको एमसीसी परियोजनाले नेपालमाथि साम्राज्यवादी र विस्तारवादीको संयुक्त हैकम हुने सम्भावना भएकोले आम देशभक्त नेपालीहरू यस्ता दलालहरूका विरुद्ध संघर्षमा उत्रिएर एमसीसीजस्ता राष्ट्रघाती सम्झौताको खारेजीका लागि सरकारमाथि दवाव सृजनागर्न पर्ने आवश्यकतामा जोड दिए ।

सम्वोधनका क्रममा नेकपा के स. तथा कालीकोट जिल्ला इन्चार्ज बिराटले यदी एमसीसी पास गरेर कार्यान्वयन गरेमा देशमा गृहयुद्ध हुने सम्भावना तर्फ पनि संकेत गरेका थिए। कोणसभालाई सम्वोधन गर्ने अन्य वक्ताहरूको जोड एमसीसी खारेजीको विकल्प नभएकोमा थियो। कार्यक्रमको संचालन नेकपाका साहसीले गरेकाथिए ।

एमसीसीको विरोधमा र खासगरी उपाध्यक्ष फतिमा सुमार र सहायक उपाध्यक्ष जोनाथन ब्रुक्सको विरोधमा देशैभरी उत्रिएको विरोधमा हातेमाले गर्दै कालीकोट जिल्लाले पनि आफनो एमसीसीको विरोधलाई आज प्रदर्शन गरेकोछ ।

***राष्ट्रघाती एमसीसी खारेज अभियान अन्तरगत रूपन्देहीको बुटवलमा संयुक्त विरोध कार्यक्रम सम्पन्न***

बुटवल। राष्ट्रघाती एमसीसी खारेज गरौ ! सार्वभौमसत्ता तथा राष्ट्रिय अखण्डताको रक्षा गरौ। भन्ने मूल नाराका साथ बुटवलको पुष्पलाल पार्कदेखि शुरु भएको र्‍याली एमसीसीका बिरुद्ध गगनभेदी नारा लगाउदै बुटवलको ट्राफिकचोकमा पुगेर कोणसभामा परिणत भएको थियो ।

कोणसभालाई सम्वोधन गर्नेहरूमा नेकपा क्रान्तिकारी माओवादिका भूपेन्द्र न्यौपाने, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, राष्ट्रिय स्वाधीनताका लागि नागरिक मञ्चका अध्यक्ष पदम कार्की, राष्ट्रिय जागरण परिषद, नेपालका चित्र बहादुर थापा, विवेकशील साझापार्टीकी किरण शर्मा पाण्डे र बैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका लक्ष्क्षुराम विश्वकमा थिए ।

कार्यक्रम नेकपाका खोमा तरामु मगरको सञ्चालन र नेकपा (माले) का गोपालमणि गौतमको अध्यक्षतामा सम्पन्न भएको थियो ।


***नेकपा(क्रान्तिकारी माओवादी) दैलेखद्वारा एमसीसीको विरोधमा देवकोटा चोकमा कार्यक्रम सम्पन्न***

दैलेख। ढिलोगरी प्राप्त समाचार अनुसार यही २२ गते दैलेखको सदरमुकाम देवकोटा चोकमा एमसीसीको विरोधमा कोणसभा सम्पन्न गरिएको छ। उक्त कोणसभालाई सम्वोधन गर्दै नेकपा(क्रान्तिकारी माओवादी) केन्द्रीय सदस्य कृष्ण गुरुङले नेपालमा संसदीय व्यवस्थाको नाममा दलालहरूको सरकार र उनीहरूकै प्रतिपक्ष भएकाले देशको राष्ट्रियता र सार्वभौमिकतामाथि अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको गिद्दे दृष्टि पदै आएको छ र अमेरिकी सहयोगमा आउने भनिएको एमसीसी परियोजनाले नेपालमाथि साम्राज्यवादी र विस्तारवादीको संयुक्त हैकम हुने सम्भावना भएकोले आम देशभक्त नेपालीहरू यस्ता दलालहरूका विरुद्ध संघर्षमा उत्रिएर एमसीसीजस्ता राष्ट्रघाती सम्झौताको खारेजीका लागि सरकारमाथि दवाव सृजनागर्न आवश्यक छ भन्नु भयो ।

सम्वोधनका धममा ६ नं. प्रदेश कमिटि सदस्य मदन शाहीले यदी एमसीसी पास गरेर कार्यान्वयन गरेमा देशमा गृहयुद्ध हुने सम्भावना तर्फ पनि संकेत गर्नु भएको थियो। कार्यक्रमको संचालन पनि मदन शाहीले नै गनु भएको थियो ।



# एमसीसीको खारेजीको विकल्प छैन



● हुकुमबहादुर सिंह ●

***अमेरिकाले दिने हरेक विकास सहायता यही इन्डो प्यासिफिक फ्रेमवर्क भित्र हुने वताई सकेको छ । केहि समय देखि चाइना साउथ सिमामा देखिएको सिमा विवाद सहितको तनाव तथा चीन र अमेरिका वीचको व्यापार युद्द नै बीआरआइ र इन्डो प्यासिफिकरण नीतिको टकराब हो भन्न सकिन्छ, किनकि अमेरिकाले जर्मनमा भएका आफ्ना २६ हजार सैनिक चाइना साउथ सि क्षेत्रमा खटाउने घोषणा गरी सकेको छ । जहाँ संसारको करिब ८० प्रतिशत व्यापार र चीनको मात्र करिब ४० प्रतिशत व्यापार त्यस क्षेत्रबाट हुने गर्दछ***

सन् ५० को दशकदेखि नै नेपालको विकासमा वैदेशिक सहायतामा एउटा महत्वपूर्ण भूमिका खेलेको अमेरिकाको यो एमसीसी किन यति घेरै विवादीत हुन पुग्यो । नेपालको विकासमा अमेरिकी सहायता सुरु भएको यतिलामो समयसम्म कुनै पनि विकास सहयोग यति धेरै विवादित थिएनन्, जति एमसीसी ।

स्पष्ट हो भने सबै वैदेशिक लगानीजस्तै नेपालका लागि अमेरिकी सहयोग आउँदा ठूलै रकम आएको देखिने तर नेपालभित्र यसको लगानी ज्यादै न्यून रहदै आएको यथार्थता हो । अत्यधिक सहयोग डलरमै सल्लाहकार, प्रवृद्धि र प्रशासनिक खर्चको रूपमा उतै फर्कने । यद्धपि अमेरिकी सहयोग बढीमात्रामा दुई पक्षीय सहयोगमा नै हुने गर्दथ्यो ।

नेपालको वैदेशिक सहायतामा महत्वपूर्ण भूमिकामा रहेका चीन, भारत, अमेरिका र जापानमध्ये चीन भारत, अमेरिकाको परिवर्तित वैदेशिक सहयोग नीतिको असर नेपालमाथि स्पष्टै पर्न थालेको छ । यसमा चीनले अगाडि सारेको बीआरआइ परियोजना र अमेरिकी एमसीसी परियोजना यी दुई आपसमा विश्वलाई आ-आफ्नो प्रभावमा कसरी पार्ने भन्ने रणनीतिका रूपमा अगाडि आएको स्पष्ट हुन्छ ।

तर नेपालजस्तो अर्धऔपनिवेशिक अर्थतन्त्र र राजनीतिको प्रभावका कारण यहाँको सरकार(राजा, काँग्रेस, एमाले र माओवादी केन्द्र)आदि सबैले आफू सरकारमा रहँदा आजसम्म खुलेर नेपालको स्वतन्त्रता र सार्वभौमिकतालाई बलियो बनाउने तर्फ अगाडि बढने कोशिस गरेनन, केवल चीन, भारत र अमेरिकाको दलाली गरेर सरकारमा टिक्ने उपायमात्रै गदै आएका छन् ।

यद्धपि राजा महेन्द्र र विरेन्द्रको समयमा नेपालको राष्ट्रियताको सवालमा भारतीय सत्तासँग केही टक्रावहरू अगाडि आए । र पछिल्लो समयमा २१ मार्च २०१६ मा प्रधानमन्त्री ओलीको चीन भ्रमणको समय चीनसँग यातायात तथा पारवहन सम्झौतामा हस्ताक्षर भयो । तर आज करिब ५ बर्षभन्दा बढी हुँदा पनि छनौट गरिएका आयोजनाहरू कार्यन्वयनमा आएको देखिदैन । ओलीको राष्ट्रवादी छवी त विगतमा महाकाली र अहिलेको एमसीसीमा देखिएकै छ ।

कुनै पनि निष्कर्षमा पुग्नुभन्दा पहिले यहाँ नेपालका लागि दुईवटा परियोजना बेल्ट एण्ड रोड इनिसियटिभ (विआरआइ) परियोजना र एमसीसी परियोजनाको संक्षिप्त परिचय र पृष्ठूमिवारे जानकारी आवश्यक छ ।

***बेल्ट एण्ड रोड इनिसियटिभ (विआरआइ) परियोजना***

सन् २०१३ मा राष्ट्रपति सि. जिनपिंगले सिल्क रोड इकोनोमिक बेल्ट र एक्काइसौ शताब्दीको सामुद्रि मार्ग (मेरीटाइम) सिल्क रोडको महत्वपूर्ण प्रस्ताब नै आजको बेल्ट एण्ड रोड इनिसियटिभ (विआरआइ) परियोजना हो । शुरुमा विआरआइ चीनको घरेलु विकास रणनीति थियो । यो विकास रणनीति चीनको मध्य र पश्चिम क्षेत्रको असन्तुलित विकासलाई सम्बोधन गर्न ल्याइएको थियो । सन् २०१७ को अक्टोबरमा चीनको कम्न्युनिस्ट पार्टीको १९ औ कांग्रेसवाट यो क्षेत्रिय भू-इकोनोमिक रणनीति मात्र नभएर विश्व अर्थ-राजनीति गतिशीलताको रूपमा अगाडी आयो । चीनको औद्योगिक उत्पादनलाई





बिशिष्टिकृत र सहकार्य मार्फत विश्व बजारमा पुर्याउनु तथा अन्तिम वस्तु उत्पादनको लागितेल लगायत अन्य कच्चा पदार्थहरू आफ्नो मुलुकमा भित्र्याउनु नै यसको मुख्य लक्ष्य रहेको देखिन्छ ।

विआरआइ विकसित देशहरूको विभिन्न आर्थिक क्षेत्रहरू(विन्दु) बाट विकासशिल देशहरूको आर्थिक क्षेत्रहरू(विन्दु)हुँदै पार हुने रोड म्याप भएकोले यसलाई विन्दु अक्ष ( पोइन्ट अक्सिस) विकास सिद्दान्तको रूपमा पनि हेरिन्छ । सिल्क रोड इकोनोमिक बेल्टले चीन हुँदै मध्य एशिया, रसिया, मध्यपुर्व तथा २१ औ शताब्दीको सामुद्री मार्गले साउथ चाइना सि मार्फत पूर्वी एशियन, इन्डियन ओसियन, अफ्रीकार युरोपियन मुलुकहरू जोड्ने योजना रहेको देखिन्छ । यस वृहत योजना कार्यान्वयनको लागि ब्रिक्स राष्ट्रहरूलाई समेटी एशियन पूर्वाधार विकास बैंक स्थापना गरिएको छ, जसमा चीनको ठुलो लगानी छ तथा यसलाई अमेरिका र पश्चिम मुलुकहरूको प्रभावमा रहेको बिश्व बैंक तथा जापानको प्रभाव रहेको एसियन डिभलोपमेन्ट बैंकको काउन्टको रूपमा हेरिन्छ । तसर्थ, यसलाई नयाँ युगको विश्वव्यापीकरण गर्ने चीनको उदेश्य रहेको भनाइ पनि छ । आज आएर यो महत्वकाँक्षि योजना चीनको परराष्ट्र नीतिको महत्वपूर्ण अंगको रूपमा रहेको छ । यसलाई नयाँ युगको आर्थिक कुटनीतिकको उच्च स्तरको योजना पनि मानिन्छ ।

त्यसैगरी अमेरिकी इन्डो प्यासिफिक स्ट्राटेजी भनेको चीनको यो विश्वस्तरीय प्रभावलाई रोक्ने एउटा सैनिक रणनीति हो । नयाँ युगको विश्वव्यापीकरण गर्ने चीनको उदेश्य रहेको विआरआई परियोजना उसको आफनै खालको साम्राज्य कायम गर्ने लक्ष्य नै हो । चीनको यसभित्र उसको लुकेको सैनिक रणनीति त छ नै

***अमेरिकी एमसीसी परियोजना -इन्डो प्यासिफिक स्ट्राटेजी***

अमेरिकाले अगाडि सारेको एमसीसी परियोजनावारे कुरा गर्दा स्वयम उसले भनेको यो सिधै उसको इन्डो प्यासिफिक क्षेत्रको उसको फौजी स्ट्राटेजी (यद्धपि अहिले आएको टोलीसँगै यो इन्डो प्यासिफिक स्ट्राटेजी को अंग होइन भनिएको छ । यो केबल छलछाम मात्रै हो ) नैं हो । त्यसैले यसलाई बुझ्न अमेरिकाले अगाडि सारेको इन्डो प्यासिफिक स्ट्राटेजी के हो बुझ्न जरुरी पर्दछ ।

'इन्डो प्यासिफिक' अष्ट्रेलियन र भारतीय स्कलरहरूले करिब दशबर्ष अगी प्रस्ताव गरेका भू-राजनीति अवधारणा हो । हिन्द महाशागर क्षेत्रमा चीनको प्रभावलाई रोक्न अमेरिकाले इन्डो प्यासिफिक स्ट्राटेजीलाई नेतृत्व गर्नुपर्छ भन्ने अष्ट्रेलिया र जापानको विचार शुरु देखि नै रहेको थियो । बिआरआइ घोषणा भएको शुरुको बर्षमा अमेरिकाले त्यो योजनालाई व्यवस्ता गरेको थियो । तर २०१७ मा अमेरिकी नीति निर्माण र थिंक ट्र्यांकहरूले बीआरआइ परियोजनाले सिमा सुरक्षा नियन्त्रणमा विस्तार गर्दछ र विश्व व्यवस्थामा अमेरिकाको लागि चुनौती हुन्छ भनि सुझाब पश्चात यो भू-राजनीति र भू-इकोनोमिकको रूपमा विस्तार भै विश्व अर्थ राजनीतिमा प्रभाव पर्ने नीति हो भन्ने अमेरिकी सरकारको बुझाइभयो ।

राष्ट्रपति ओबामाको समयमा एसिया प्यासिफिकको रूपमा चिनिदै आएको यस क्षेत्रलाई सन् २०१७ बाट इन्डो प्यासिफिक रणनीतिको रूपमा चिनिंदै आएको छ । जसमा सैनिक, सुरक्षा, अर्थतन्त्र र व्यापार गरी चार पिलर रहेका छन् । अमेरिकी इन्डो प्यासिफिक स्ट्राटेजीले अमेरिकाको पश्चिम तटदेखि भारतको पश्चिम तटसम्म अर्थतन्त्र, प्रशासन र सुरक्षालाइ समेट्छ। यो रणनीतिलाई अमेरिकी सुरक्षा रणनितिको अंगको रूपमा कायम गरेको छ । यसले विश्वको दुइ तिहाइ कुल ग्राहर्सूथउत्पादनमा (न्मए) सहयोग गर्ने मान्यता राखिएको छ । मुख्यः एसिया क्षेत्रमा चीनको बद्दो उपस्थितिलाई रोक्न भारतलाई अगाडी सार्दै अमेरिकाले आफ्नो रणनीतिलाई विस्तार गरिरहेको छ । भारत, जापान, अस्ट्रेलिया र अमेरिका देशहरूको वीचमा कवाड (क्वाड्रीलेटरल सेकुरिटी डाइलग) गठन गरी कार्य अगाडी बढाईएको देखिन्छ । तसर्थ, एसियाको उदाउँदो साम्राज्यवादी भारत अहिले अमेरिकी सैनिक गठबन्धनमा प्रत्यक्ष संग्लग्न भैसकेको छ ।

अमेरिकाले दिने हरेक विकास सहायता यही इन्डो प्यासिफिक फ्रेमवर्क भित्र हुने वताई सकेको छ । केहि समय देखि चाइना साउथ सिमामा देखिएको सिमा विवाद सहितको तनाव तथा चीन र अमेरिका वीचको व्यापार युद्द नै बीआरआइ र इन्डो प्यासिफिकरण नीतिको टकराब हो भन्न सकिन्छ, किनकि अमेरिकाले जर्मनमा भएका आफ्ना २६ हजार सैनिक चाइना साउथ सि क्षेत्रमा खटाउने घोषणा गरी सकेको छ । जहाँ संसारको करिब ८० प्रतिशत व्यापार र चीनको मात्र करिब ४० प्रतिशत व्यापार त्यस क्षेत्रबाट हुने गर्दछ ।

त्यसैले एमसीसीमार्फत नेपालमा अमेरिका र भारत चीनको विरुद्ध रणनीति निर्माण गर्ने र नेपाललाई उनीहरूको एउटा कठपुतली देशका रूपमा विकास गर्न चाहेको स्पष्ट हुन्छ । र एमसीसी परियोजनाका अनेकौ विवादित सर्तहरूले त्यसलाई निर्देश गर्दछन् ।

भारतले इतिहासदेखि नेपाललाई उसको चौघेराभित्र राखेर नेपालको प्राकृति सप्पदामाथि खासगरी जलस्रोत माथि हैकम चलाउन चाहन्छ र उसले सिकिकमलाई विधानसभाको नीर्वाचनमार्फत आफ्नो देशको एउटा प्रान्त त्रनाउन सफल भयो । अब उसले यो काम अमेरिकी 'सहयोग' एमसीसीलाई नेपालको संसदमा छिराएर गर्न चाहन्छ । नत्र यसलाई जो सहयोग भनेर भनिरहिएको छ, किन संसदले पास गर्नै पर्ने ।

अबको विश्व खसगरी पछिलो समय चीनको प्रभाव र अमेरिकी प्रभावको बीचको द्धन्द्धमा फस्दै जाने सम्भावनालाई संकेत गर्दछ । नेपालजस्ता देशका लागि यी सबैबाट मुक्ति भनेको दलालहरूको सरकारलाई ध्वस्त पार्दै उटा स्वतन्त्र अर्थतन्त्रमा देशलाई लैजान देशभक्तहरूको सरकारको स्थपनाको आवश्यकता छ अन्यथा अहिले नेपालभित्रका दलालहरूका विरुद्ध मात्रै लडे पुग्ने एमसीसी पास भएर कार्यान्वयन गर्दा अमेरिकी र भारतीय सेनासंगै लडने अवस्था नआउला भन्न सकिदैन । फेरी एमसीसीको कार्यान्वयन सुरक्षाका लागि भन्दै अमेरिकी सेना नेपालमा परेड खेल्दा के चीन उसको सुरक्षा थ्रेटबाट बचन चीनीयाँ सेना परिचालन नगर्ला अनि नेपालको हालत के होरा ? त्यसैले यहि समयमार्नै एमसीसीको खारेजीको विकल्प छैन ।

एमसीसीको खारेजी अभियानमा नेपाली जनताको सक्रिय सहभागिताले के सन्देश दिन्छ भने अब नेपालमा दलालहरूको मात्रै हैकमको युगको अनत्य भयो । देशको स्वतन्त्रता र सार्वभौमिताको रक्षाका लागि करौडौ नेपाली जनता सडकमा आउन तयार छन् । देशभित्रका दलालहरूको बुँई चढेर नेपाल र नेपालीमाथि रजाई गर्ने सपना अब वैदेशिक शक्तिकेन्द्रहरूले नदेखे हुन्छ । तै पनि नेपालका दलालहरूले उनका मालिको हितका लागि षडयन्त्रका तानाबाना बुन्न छाडने छैनन ।

*singhhukum683@gmail.com*

## एमसीसी...

राजनीतिक दलका शीर्ष नेतादेखि प्रधानमन्त्री र सरकारका मन्त्रीहरूसँगको भेटमा एमसीसी छिटो टुंगो लगाउन कूटनीतिक दबाब बढाएकी हुन् । फातिमाले एमाले अध्यक्ष केपी ओली, प्रधानमन्त्री शेरबहादुर देउवा, माओवादी केन्द्र अध्यक्ष प्रचण्ड, उपेन्द्र यादव, बाबुराम भट्राई, महन्थ ठाकुर लगायतका नेताहरूलाई भेटिन् । उनले अर्थमन्त्री जनार्दन शर्मा, ऊर्जामन्त्री पम्फा भुसालसँग पनि मन्त्रालयमा पुगेर भेटघाट गरेकी थिइन् ।

खारेजीका लागि देशव्यापी प्रतिरोधमूलक संघर्ष

नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले सातवटै प्रदेशका विभिन्न जिल्लामा एकल तथा संयुक्त रूपमा एमसीसी खारेजीको लागि प्रतिरोधमूलक संघर्षलाई सशक्त बनाएको छ । काठमाडौं उपत्यकामा एमसीसीका उच्च पदाधिकारीहरूलाई कालो झण्डा देखाउँदा क्रान्तिकारी माओवादीका पीवीएम प्रवेशसहित ५४ जना गिरफ्तारीमा परे । क्रान्तिकारी माओवादी निकट विद्यार्थी संगठनले अमेरिकन दुतावास अगाडि प्रदर्शन गर्दा अखिल क्रान्तिकारीका अध्यक्ष हरिकृष्ण गजुरेलसहित दर्जनौ नेताहरू गिरफ्तारीमा परे । अखिल (क्रान्तिकारी)कै संलग्नतामा एमसीए नेपालको कार्यालय अगाडि पनि कालो झण्डा र व्यानरसहित विरोध प्रदर्शन गरियो । आइतबार क्रान्तिकारी माओवादीद्वारा काठमाडौंमा कालो ब्यानर र झण्डासहितका बेलुनहरू उडाएर र विरोध जुलुस तथा सभा गरेर एमसीसी खारेजीको जोडदार माग गरिएको छ ।

क्रान्तिकारी माओवादीले काठमाडौं उपत्यका लगायत कञ्चनपुर, सुर्खेत, दैलेख, नवलपरासी, रूपन्देही, बर्दिया, बाँके, दाङ, कास्की, चितवन, मोरङ, सुनसरी, धनुषा, सिरहा, रामेछाप, नुवाकोट, नवलपुर, उदयपुर लगायतका जिल्लाहरूमा दैनिक रूपमा संघर्षका विविध रूपहरूको प्रयोग गरिरहेको छ ।

क्रान्तिकारी माओवादी, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल सम्मिलित २३ दलले पनि संयुक्त रूपमा विरोध कार्यक्रम जारी राखेको छ भने नेकपा (विप्लव)लगायत अन्य राष्ट्वादी तथा देशभक्त सचेत नागरिकहरूले समेत एमसीसी खारेजीका लागि आन्दोलन जारी राखेका छन् ।

सत्तारुढ पार्टी नेकपा (माओवादी केन्द्र) र नेकपा समाजवादीका विद्यार्थी र युवा संगठनले पनि एमसीसी सम्झौता पास गर्न नहुने भन्दै दबाब दिइरहेका छन् । आम देशभक्त तथा स्वाभिमानी नेपाली नागरिकहरू एमसीसी जस्तो राष्ट्घाती सम्झौता कुनै पनि हालतमा संसदबाट पास हुन नहुने पक्षमा रहेका छन् ।

**आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।**

**खोटाङ यातायात प्रा.लि.**

काठमाडौंबाट- **हलेसी,** ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।

**सम्पर्क–**

कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०

चाबहिल- ९८५१२४५६८०

दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# स्मृतिमा गण्डक अभियानको एक दिन



● क्षितिज मगर ●

**बाटोमा एम्बुस लगाएर रातभरि सेन्ट्री गर्‍यौँ । बिहान फोनबाट सबै स्थिति बुझ्यौँ । हामीले कार्यालयमा रिपोर्ट दियौँ । बिहानको खाना करिब साढे एघार बजे ल्याइपुर्‍याउनुभयो साथीहरूले । आज भोक असाध्यै लागेको थियो । यो समय पर्खिन पनि साह्रै कष्ट गर्नु पर्‍यो**

*६ फागुन २०६२*
*साँझ ५ बजे*
*(पोखरीछाप, धुर्कोट, नवलपरासी)*

'ड्याङ ड्याङ ड्याङ' हिजो साँझ रातको मौनतालाई भङ्ग गर्दै एकाएक यसरी विष्फोट भएपछि सतर्क बन्नै पर्थ्यो हामी । केही साथी निद्रामै घुरिरहेका थिए । कोही उठिरहेका थिए झट्पट् । त्यतिखेर साँझको साढेआठ बजेको थियो । हामी डेपुटी कार्यालयको आदेश बमोजिम जङ्गलमै बसेका थियौँ । ससाना बुट्यान र बनमारा झारको बीचमा कुखुराको गुँडजस्तै बनाई सुतेका थियौँ । अघिल्लो रातमा निकै अबेलासम्म हिँड्नुपर्ने भएकाले आँखामा निद्रा उठिरहेको थियो । 'यति छिटो नसुत्ने' भनेर सबैलाई भनिएको थियो तर सेन्ट्री र आ-आफ्ना कभर व्यवस्थित बनाइसकेपछि अँध्यारोमा बसेर मात्र पनि के गर्नु र ? साथीहरू स्लिपिङ व्यागभित्र घुसिसकेका थिए । सम्भवतः सबैको आँखा चिम्म भइसकेका थिए । कोही ठाडो, कोही तेर्सो, कोही कोल्टे परेका थिए ।

विष्फोटको आवाजपछि तुरुन्त फोन खोलेर रिपोर्ट बुझाएँ कार्यालयमा ।

'हेलो, त्यो हाम्रो साथीहरूको मिस्टेक फायर रहेछ ।' केही बेरपछि खबर आउँछ ।

'हो र ! छैठौँकाले गर्नुभएछ कि' मैले भने ।

'हजुर मिस्टेक भयो, तपाइँहरू जहाँ बस्नुभएको छ त्यहाँबाट अगाडिको डाँडामा जान कति लाग्छ ?' डेपुटी-कमान्डरले मलाई सोध्दैहुनुहुन्थ्यो ।

'त्यस्तै हो १५-२० मिनेटजति लाग्छ होला ।'

'त्यसो भए तपाइँहरू अगाडि बढ्नुस् र ती साथीहरूसँग जोडिनुस् । अनि तल उकालोको मुखैमा पोजिसन सेट गर्नुस् र दुश्मन अगाडि आएमा एक पाइला पनि बढ्न नदिनुस् तपाइँहरूले केहीबेर अड्याउनुभएमा यहाँबाट अर्को सपोर्ट ग्रुप आउनेछ तुरुन्त ।' उहाँले हामीलाई यसरी फोनबाटै आदेश दिनुभएको थियो ।

भनिएको ठाउँमा पुग्न करिब आधा घण्टा पो लाग्यो । रातको अँध्यारोमा हिँड्ने बेला सोचिएको भन्दा बढी नै समय लाग्यो । बम पड्काउने साथीहरूसँग भेट भयो । कुरो के रहेछ भने मृग आएको रहेछ, साथीहरूले पासभाषा सोध्दा पनि केही जवाफ नआएपछि दुश्मन नै सम्झेर बम चार्ज गर्नुभएछ । यो कार्य अपरिपक्वपना हो, निश्चय पनि ।

हामी बाटो कुरेर बस्यौँ । आर्क बिभाजन गर्‍यौँ । फोर्स बिन्यास गर्‍यौँ । राती एक बजेसम्म हावा स्थिर थियो । त्यसपछि सालका पातहरू, ससाना बुट्यानका पात बतासले सिरिरि हल्लाइरह्यो । निकै लाग्यो जाडो । बिहान आउन पनि निकै लामो समय लागेजस्तो भयो ।

बाटोमा एम्बुस लगाएर रातभरि सेन्ट्री गर्‍यौँ । बिहान फोनबाट सबै स्थिति बुझ्यौँ । हामीले कार्यालयमा रिपोर्ट दियौँ । बिहानको खाना करिब साढे एघार बजे ल्याइपुर्‍याउनुभयो साथीहरूले । आज भोक असाध्यै लागेको थियो । यो समय पर्खिन पनि साह्रै कष्ट गर्नु पर्‍यो ।

आज पनि आकाशले तुँवालोको घुम्टो ओढेको ओढ्यै छ । घाम मधुरो छ । देखिन्न टाढाटाढा । आफै त घनाजङ्गलमा छौँ हामी । झन् मौसमले गर्दा सास फेर्नै गाह्रो पर्ला जस्तो । चराचुरुङ्गीको चिरबिरले बनमा अनौठो सङ्गीत सुनिएको थियो । यसले मनमा चञ्चलता पैदा भइरहन्छ ।

'दुश्मन कता गएछ ?' कमरेड आस्थाको ग्रुपमा सोध्यौँ ।

'कता गएछ थाहै भएन आइएनटीले रिपोर्ट पठाएको छैन, पठाएमा खबर गर्नेछौँ' भनेर जबाफ दिनुभयो । एकदुई बजेतिर सर्दिबास नजिकमा जीपीएमजीको फायर आएपछि थाहा भयो दुश्मन अब तलतिर झरेछ । हामी बसेको भन्दा पश्चिमतिर एक राउण्ड बम पड्केको आवाज आयो । फोनबाटै सोधेँ । साथीहरूकै एक्सिडेन्ट फायर रहेछ त्यो । सैनिक जीवनको सबैभन्दा दुःखद पक्ष हो यो । कम तालिम र व्यक्तिगत असावधानीका कारण यस्ता घटनाहरू भइरहन्छन् ।

धुर्कोटतिर दुश्मन चढेको र अर्को ग्रुप जीपीएमजी पड्केको दिशा दुम्कीबास जाने बाटोतिर झरेछ । आज दिनभरि पोजिसन सेटमै बसाल्यौँ । पालैपालो सेन्ट्री बदलिरहेका थिए साथीहरूले । आइएनटी परिचालन गरेका छौँ नजिकैको क्षेत्रमा । रातको अप्ठ्यारोपनालाई दिउँसो आरामले सुतेर साटो फेर्‍यौँ ।

साँझ पाँच बजे खाना ल्याइपुर्‍याउनुभएपछि सबैले खायौँ । बिहान अबेला खाएको कारण खान पनि रुचेन । पानी छैन । टाढा, निकै टाढा छ । दस लिटरको जर्किनको पानीले बाइसजनालाई पुर्‍याउन निकै अप्ठ्यारो पो भयो । फागुन महिनाको यो सुख्खा याममा पिउन पानी नै पुगेन । भात खाइसकेपछि पातले हात र थाली पुछ्यौँ र थाल झोलामा कोच्यौँ । यो पनि भन्नुपर्छ कि हामी गण्डक क्षेत्र छिरेपछि प्रत्येकले एक-एक वटा थाली, गिलास, चम्चा र एक लिटरको जर्किन बोकेका छौँ । सामान्य अवस्थामा एक सेल्टरबाट अर्को सेल्टरमा सर्दा चामल बोक्छौँ । चारपाँच माना अनिवार्य बोक्छौँ । लडाईंको बेला त्यो सम्भव हुन्न, भोकभोकै हिँड्नु पर्छ, न चामल न पानी । पकाउनको लागि ठूलो भाँडो पनि हाम्रो साथमै रहन्छ । नास्ता, रासन र आवश्यक सामान बोक्न भनी प्रत्येकसँग एक-एक वटा कट्टा छ । लडाइँमा आवश्यक परे माटो भरेर गोली छल्ने कभरको रूपमा पनि प्रयोग गर्छौं ।

नेपाली कांग्रेस (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवा जेलबाट मुक्त भएपछि सबभन्दा पहिले अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीसँग भेटघाट गरेका थिए । आज देउवाले माओवादी र दलबीचको १२ बुँदे सहमतिबारे केही बुँदाहरूमा आफ्नो असहमति रहेको कुरा बताएका छन् । देउवा पहिले कांग्रेसभित्रको उदारवादी नेताको रूपमा मानिन्थे । जुनबेला गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री थिए र पार्टी सभापति पनि । त्यसबेला गिरिजा अत्यन्तै फासीवादीका रूपमा अघि सरेका थिए । २०४८ सालको चुनावपछि बहुमतको एकलौटी सरकार बनायो नेपाली कांग्रेसले । त्यसपछि विशेष गरी ग्रामिण इलाकामा सामन्ती फटाहाको सुरक्षामा पुलिस दमन गरेर निकै ठूलो कदम चालेका थिए । २०५५ सालपछि किलो शेरा टु अभियान लिएर नरसंहार मच्चाएका थिए । २०५१ सालको मध्यावधि निर्वाचनमा एमाले ठूलो पार्टी बन्यो र अल्पमतको सरकार बनायो । नौ महिनापछि एमालेको सरकारलाई अविश्वासको प्रस्ताव ल्याएर सत्ताबाट गल्हत्याएपछि देउवा प्रधानमन्त्री बनेका थिए । स्मरणयोग्य यो छ कि ठीक त्यसैबेला प्रधानमन्त्री मनमोहन अधिकारी हेलिकप्टर दुर्घटनामा परी अस्पतालको शैयाबाटै संसदलाई सम्बोधन गरेका थिए । देउवा यस्तो प्रधानमन्त्री भए, जसको पालामा माओवादी आन्दोलनको बिशिष्ट मोड र राष्ट्रिय स्थितिमा विशेष महत्व राख्ने घटना घटेका छन् । २०५२ सालमा उनैको पालामा माओवादीको बैधानिक मञ्च संयुक्त जनमोर्चा नेपालको तर्फबाट ४० सुत्रीय माग पेश गरिएको थियो । त्यसको कुनै सुनुवाई नभएपछि सशस्त्र जनयुद्धको शुरुवात भएको थियो । अचम्मको कुरा, उनैको गृहमन्त्री खुमबहादुर खड्काले माओवादी जनयुद्धलाई तीन महिनामै सखाप पार्ने घोषणा गरेका थिए । २०५८ सालमा राजा वीरेन्द्रको बंशनाश हुनेगरी रचिएको दरबार हत्याकाण्डपछिको स्थितिमा देउवा फेरि प्रधानमन्त्री बने र उनैको पालामा माओवादी र सरकारसँग पहिलो औपचारिक वार्ता भयो । वार्ता भङ्ग र सेनामाथिको पहिलो आक्रमण पनि उनैको पालामा भयो । सरकारको सेना परिचालन र सङ्कटकाल पनि उनैको पालामा । राजा ज्ञानेन्द्रको शाही कदमको २०५९ असोज १८ र २०६१ माघ १९ को घटना पनि उनैको पालामा भएको हो । नेपालको बहुदलीय इतिहासमा पालैपालो प्रधानमन्त्री फेरिँदै जाने क्रममा उनको रोल नम्बरमा यस्ता घटना घटे ।

पुँजीवादी विचारधाराका उदारवादी नेता कुनैबेला निकै संयम र सहिष्णु देखिए पनि परिस्थितिको मोडमा निकै असंयमित र असहिष्णुमात्र होइन क्रुर र बर्बर पनि हुन्छन् भन्ने उदाहरण सभापति देउवा नै हुन् । उनी सत्ता लिप्तताको खेलमा सामन्तीका गोटी बनेर आफ्नै पार्टी पनि फुटाए । जेहोस् उनको राजनीतिक अडान स्थिर नहुनाले शक्तिमा भक्ति गर्छन् । उनी बिस्तारवादका साँठगाँठमा सरिक हुन्छन् कहिले भने कहिले साम्राज्यवादका डिजाइनमा । अहिले उनी अमेरिकाको रोडम्यापअनुसार अगाडि बढ्न खोजेजस्तो लाग्छ उनको प्रतिक्रिया सुन्दा । १२बुँदे सहमतिप्रति देउवाको प्रतिक्रिया बाहिर आएपछि एमाले नेता झलनाथ खनालको प्रतिक्रिया पनि बाहिर आएको छ, उनले १२बुँदे सहमतिमा शेरबहादुर देउवालाई सशङ्कित नबन्न आग्रह गरेका छन् ।

गत माघमा धनकुटाको सदरमुकामबाट हाम्रो कब्जामा परेका पन्ध्रजना मध्ये एघार जनालाई मुक्त गरिएको छ । दुःखद कुरा, बाँकीरहेका मध्ये क्षेत्रीय सहायक प्रशासक प्रेमप्रसाद सापकोटाको हृदयघातबाट मृत्यु भएको समाचार आएको छ । रेडक्रस र मानवअधिकार सङ्गठनको जिम्मा लगाइएको छ । निश्चय नै यो दुःखद कुरा हो । हाम्रा विरोधीका लागि 'के निहुँ पाउँ कनिका बुकाउँ' चाहिँ अवश्य हुनेछ । मानवतावादी खोलमा उनीहरूको कुत्सित स्वार्थ लुकेको हुन्छ ।

आम्मै ! मनमा उठेका भावनाका छालहरूमा तरङ्गित हुँदाहुँदै डायरीका धेरै पाना पो भरिएछ नि । समयले डाँडो काटेछ । मैले अस्ति नै भनिसकेछु कि सबै कुराको फेरो मार्न असम्भव छ । र, पनि केही कुराको सेरोफेरोमा भूमिका बाँध्नु अनिवार्य हुँदोरहेछ ।

आज मैले एउटा कविता पनि लेखेको छु । यो बार्षिकोत्सवको समयमा हामी युद्धमोर्चाको जस्तै यो घना जङ्गलमा बसेको बेला बहिनीको सम्झनामा लेखेको यो कविताको केही वाक्यांश यस्तो छ-

*प्रिय बहिनी !*
*शुभकामना, मधुर सम्झना*
*अक्षरको माध्यमबाट पठाइरहेछु म*
*लालसलाम/अभिवादन*
*शब्दको माध्यमबाट टक्र्याइरहेछु म*
*सुनौलो दिनको यो उपलक्ष्यमा*
*ऐतिहासिक क्षणको यो परिप्रेक्ष्यमा*
*टाढा, धेरै टाढाबाट पठाइरहेछु*
*हो बहिनी, तिमीलाई नै टक्र्याइरहेछु ।*

## ❑ साताको कविता

### म बर्दियाकी थरुनी

❑ नदीराम केसी



*तिम्रो एकबित्ते उफ्राइले*
*राजतन्त्र ढलेकै होइन*
*तिम्रो भाषणले मात्र*
*राजतन्त्र ढल्थ्यो भने*
*छत्तीस सालमै ढल्थ्यो साथी*
*छ्यालीस सालमै गणतन्त्र आउँथ्यो साथी*
*दस बर्स*
*ठीक दस बर्स मैले परिवार र घरबास छोडें*
*अझै घर फर्केकै छैन*
*फर्कन्न साथी म फर्कंदै फर्कन्न*
*देश छोडेर*
*मेरो सहपाठी सहिदको सपना छोडेर*


*म अपाङ्ग हुने गरी लडाइँ लडेकै कारण*
*राजतन्त्रको अन्त्य भो*
*यदि तिम्रो दुई दिने जुलुसले मात्र*
*राजतन्त्र ढल्थ्यो भने*
*एक शताब्दी अघि ढल्थ्यो साथी*
*दस बर्स*
*ठीक दस बर्स झापादेखि हुम्लासम्म*
*कञ्चनपुरदेखि ताप्लेजुङसम्म*
*आफू अपाङ्ग बन्ने गरी*
*मैले जसका विरुद्ध क्रान्ति गरेँ*
*राजतन्त्र ढले पनि*
*यो देशमा अझै*
*अहँ सामन्तवाद ढल्दै ढलेन साथी*

*मेरो डोल्पामा थोरै आलु फल्छ*
*मेरो हुम्लामा थोरै फापर र कोदो फल्छ*
*तिमी कालिकोट चिन्छौं भने*
*मैले चिताएको देश देऊ*
*तिमी यदि रुकुम चिन्छौ भने*
*रुक्मेलीले सोचेको शासन देऊ*
*म बर्दियाको थरुनी*
*रोल्पाको मगर साथी बनाएको छु*
*म दङ्गाली बाहुनी*
*सल्यानी कामीको चुलोमा रोटी पकाएको छु*
*म काठमाडौंको नेवार*
*जाजरकोटी दमाइसँग मित लाएको छु*
*यदि तिमी जाजरकोट चिन्छौ भने*
*मैले खोजेको असल संविधान देऊ*

*सपाङ्ग जिऊसँगै घर छोडेको मान्छे*
*अपाङ्ग जिऊ लिएर म घर फर्कंदै फर्कन्न*
*अब देश छोडेर*
*मेरो सहपाठी सहिदको सपना छोडेर*
*यदि मेरो देशले चिताएको*
*तिमीले चिताउँदै चिताएनौ भने*
*फेरी एक पटक*
*क्रान्तिकी स्वास्नीमान्छे*
*म अपाङ्ग*
*उर्लदो भेल हुँदा*
*तिमी मुढा भएर बग्नेछौ*
*कतै बगरमा बेवारिसे*
*तिमी त्यतै त्यतै फ्याँकिनेछौ*
*तिमीले सोचेको म घर फर्किनेछु*
*प्रिय नेपालीहरू*
*अब देश छोडेर*
*रोल्पा र रुकुमतिर*
*म घर फर्कंदै फर्कन्न*

### सहिदका होइन आफ्नै सपना

❑ पुण्यप्रसाद आचार्य 'बाछिटा'



*म भुइँमा बसेर सहिदको सपना देख्तै थिएँ*
*एउटा धुर्मैलो कागजमा जनयुद्धको कथा लेख्तै थिएँ*
*एउटा एउटा गरी शब्द शब्द जोर्दै थिएँ*
*नयाँ नेपालको एउटा खाका पनि कोर्दै थिएँ*

*मैले कम्तिमा राजनीतिको 'र' जानेको थिएँ*
*सहिदको सपनालाई आफ्नो सपना ठानेको थिएँ*
*मेरो शीर ठाडो थियो र मन रमाएको थियो*
*दाहिने हातले रातो कलम समाएको थियो*

*आँखामा जनयुद्धको तस्बिर झल्किएको थियो*
*नसामा रातो रगत छचल्किएको थियो*
*भावनामा राष्ट्रियता, राष्ट्रिय स्वाधीनता बहेका थिए*
*चेतनामा नेपाल र नेपाली जनता रहेका थिए*

*मैले मूर्दाशान्ति होइन शान्ति चाहेको थिएँ*
*टाल्टुले परिवर्तन होइन क्रान्ति चाहेको थिएँ*
*'भुइँमा होइन कुर्सीमा बस्न जाउँ' मेरा मित्रले भने*
*'अलिकता शीर निहुर्‍याउनुपर्छ' विचित्रले भने*

*मित्रको निचोड झन् अजबको पो थियो*
*तर्क र सार अझ गजबको पो थियो*
*'कुर्सीमा बसेर आफ्नै कविता लेख्न सकिन्छ,*
*सहिदका होइन आफ्नै सपना देख्न सकिन्छ'*

## एम.सी.सी. खारेज गरौं

❑ *लक्ष्मी चौलागाई 'प्रतिज्ञा'*

पहिले भने सुन साथी आफ्नै कथा सुनाएँ
यो सालको तिजमा देशको व्यथा रुँदै बनाएँ

हामी सँधै परेका छौं सरकारकै भर
कहाँ गए सीमानाका जङ्गे पिलर

इतिहासमा नपल्टेका पाना खोज्दै जानु छ
मिचिएका सीमाहरू फिर्ता लिनु छ

खुल्ला सीमा राख्नुहुन्न बउडर सील गरौं ल
मातृभूमि बचाउनलाई अघि सरौं ल

चार जात छत्तिस वर्ण एउटै माला फूलको
सबले पिउनुपर्छ पानी एउटै मूलको

महिला नेता धेरै भए नीति भने के हो खै ?
महिला हिंसा अत्याचार उस्तै रह्यो है ।

छाउपडी र दाइजो पर्था बोक्सी आरोप खेप्या छन् ।
अन्याय र अत्याचारमा धैरैजसो महिला पर्याछन् ।

मन्दिर पस्दा पानी छुँदा दलित माथि कार्वाही रे
यस्तो पनि हुँदो रैछ लोकणतन्त्र रे

युवा शक्ति विदेशीय बेरोजगारी बढेर
औकात भन्दा माथि चढ्यो महंगी बढेर

जग्गाधनी पुर्जा छैन सुकुम्बासीहरूको
डिग्री पास नि बेरोजगार कस्तो शिक्षा यो ।

कर्मचारी मन्त्रीको तलव सधै बढ्या छ
महिला मज्दुर श्रमिकको ज्याला घट्या छ ।

चाहिँदैन नेता हामीलाई कुर्सी मात्र सजाउन
आवश्यक्ता परेको छ देश बचाउन ।

जि.एम. आर. र सतलजले नदी नाला खाईदियो
जलस्रोत कब्जा गर्न भारत आइदियो

भारतले नेपाललाई बनाउँदैछ बर्बाद
सबै मिलि हामीले अब गरौं खवरदार

अमेरीका नेपाल आइ सबै कुरा लुट्दैछ
एम.सी.सी.को संझौताले देश डुब्दैछ

पाँच हजार सेनाहरू नेपाल आई बस्ने रे
एम.सी.सी.को निर्देशनमा देश चल्ने रे ।

अमेरिकाको गिद्दे नजर नेपालमा पर्दैछ
अफगानस्थान, सिरिया झैं नेपाल बन्दैछ ।

राष्ट्रघाती सरकारलाई सबै मिलि हटाऔं
एम.सी.सी. खारेज गरि देश बचाऔं ।

## नेपालमा...

दलाल-नोकरशाहहरूले राष्ट्रिय पुँजीवादको विकास हुन दिएन। सहरमा भएको उद्योगधन्दा पनि बेचेर खाएका छन् भने गाउँमा अनुपस्थित जमिनदारको जमिन छ, मोहियानी लाग्ने डरले ती जमिन बाँजो राखिएको छ। साना किसानको आफ्नै जमिन भए पनि त्यसबाट परिवार पालिदैन,बैकल्पिक रोजगारी पनि देशमा उपलब्ध छैन। तसर्थः गाउँ /देहातका युवाहरू विदेशिन वाध्य भएका छन्।

***३) किन जनवादी कार्यक्रमको आवश्यकता ?***

नेपालको राज्यको तथ्यांकले बँताउछ की आवधिक योजना सुरु हुँदाको बखतमा नेपाल दक्षिण एसियामा नै सबै भन्दा उच्च कृषि उत्पादकत्व भएको मुलुक थियो र खाद्यान्न निकासी गर्दथ्यो। वि.स. २०४०-२०५० को वीचमा यो खाद्यान्न आयात गर्ने मुलुकमा परिणत भयो। हाल नेपालले बार्षिक १ लाख ५० हजार मेट्रिक टन अन्न बाहिरी देशबाट आयात गर्दछ। निरंकुश राजा र संसदीय राजा र लोकतन्त्री गणतन्त्रका हिमायती सरकारहरूबाट गरिएको झण्डै ७० बर्षको कृषि तथा भूमि सुधारको नाममा भएको गलत कार्यको नतिजा हो जो अहिले नेपाली जनताले भोगिरहेका छन्।

**नेपालमा कृषि उत्पादनमा ह्रास हुने मुख्य कारणहरू :**

*१) कृषिमा क्रान्तिकारी परिवर्तन गर्ने शक्तिहरूको कमजोर स्थिति*

*२) सुधारको नीति पनि राष्ट्रिय हितमा नहुनु*

*३) भ्रष्टचार र दलाली चरम सीमामा पुग्नु*

नेपालमा राजतन्त्र ढले पनि सामन्तवादी संरचना ढलिसकेको छैन, त्यसलाई बचाउनु पर्छ भन्ने यथास्थितिवादी राजनीतिले अहिले पनि सत्तामा हावि भएकोछ। राजा फर्काउने र हिन्दु राष्ट्र जगाउनेहरूले विदेशी प्रतिकृयावादी शक्तिको धन र बलमा उफ्रिन पाएका छन्। त्यसै भएकोले नेपालको सामाजिक, सास्कृतिक सामन्तवाद कृषिमा पनि जवरजस्त छ। तसर्थः गाँउ/देहातका सामाजिक संरचनामा परिवर्तनको निम्ति सामन्तवादको सामाजिक आर्थिक, सास्कृतिक आधारमाथि जवरजस्त आक्रमण जरुरी पर्दछ। सामन्तवादका यी आधारहरू मूलतः भूमि व्यवस्थामा भर पर्दछन्। कृषि उत्पादनका उक्त सम्बन्धका लक्षणहरूलाई ध्यानमा राखेर "अर्ध-सामन्ती" अवस्था चित्रण गरिएको हो। तर अहिले सरकार "नेकपाले नेपालको सामाजिक चरित्र पुँजीवादी"भइसकेको बताएकोछ। तर नेपाल जीवन स्तर सर्भेक्षण (२०११)अनुसार करीब ७६ प्रतिशत परीवार (कृषि परिवार) भएको देखिन्छ। र त्यसमध्य ९० प्रतिशतले आफै उत्पादन उपभोग गर्दछन् , केवल १० प्रतिशतले मात्र बजारमा आफ्नो उत्पादन बेच्छन्। उक्त १० प्रतिशतमध्य पनि केही अर्ध-ब्यबसायी र केही ठूलो मात्राको ब्यबसायी खेतीतर्फ लागेका छन। सामन्तबादको पछिलो कालमा, जब उत्पादन पुँजीवादी बजारसंग जोडिन थाल्दछ, मध्यम र निम्न मध्यम किसानहरू आफ्नो उत्पादनको एक भाग बजारमा बेच्दछन र आफ्नो गर्जो टार्दछन तर त्यसवाट पुनर्उत्पादन कार्यहुदैन। त्यसलाई केही लेखकहरूले पुँजीवादको विकास भएको देख्ने गरेका छन। तर बजारसंग जोडिए पनि "अतिरिक्त मूल्य" जोड्न नसक्ने "अर्ध ब्यवसायी" चरित्र "निम्न पुँजीवादी" (Petty Bourgeois) चरित्र हो, पुँजीवादी होइन। नेपाल मुख्य रूपले एउटा निम्न पुँजीवादी (किसान, दस्तकार, पसल, कमजोर राष्ट्रिय पुँजीपति,...आदी) मुलुक हो। नेपाल सरकारले सरकारी बजेट कार्यक्रममार्फत कृषिमा पुँजीवादी (कर्पोरेट) खेतीको शुरुवात गरेका छन् (यद्यपी नेपालमा पहिलेदेखि नै केही पुँजीवादी प्रकारको आयोजना सञ्चालन हुदै आएको थियो)। यसले दलाल पुँजीवादकालागि आधार निर्माणतर्फ पाइला चालेको छ। अर्को; नेपालको विकास हुनु नसक्नुमा बाह्य शक्तिको दवाव। विश्व साम्राज्यवादको साथै भारतीय एकाधिकार पुँजीवादको दवाव पनि नेपाले व्योहोर्न परेको छ। तसर्थ नेपाल 'अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक तथा नव औपनिवेशिक' अवस्थामा रहेकोले यहाँको क्रान्तिको मूलभूत स्वरूप 'सामन्तवाद तथा साम्राज्यवाद विरोधी पुँजीवादी-जनवादी' हो भन्ने ठहर हुन्छ। यसबाट स्पष्ट हुन्छ कि पुँजीवादी क्रन्तिको दिशामा जाने कृषिक्रान्तिको पनि कार्यक्रम हामीलाई चाहियो। अर्ध-सामन्ती कृषि प्रणालीको अवस्थाबाट पुँजीवादी प्रणलीमा जानका लागि निम्न कार्य गरिनु पर्छ।

१) कृषिमा आमुल रूपान्तरणको प्रकृयामा बाधक सामन्तवादका अवशेषका अन्त्य र दलाल-नोकरशाही पुँजीवादी भूस्वामित्व र उत्पादन सम्बन्धलाई निस्तेज गर्ने।

२) वास्तविक जोताहा किसानको जमिन माथिको हक स्थापित गर्ने।

३) किसान संगठनलाई बलियो वनाउने।

४ ) राज्यले कृषिमा व्यावसायीकरण, विविधीकरण,विशिष्टीकरण एवं व्यापारीकरण गर्ने योजनाबद्ध कार्यक्रम लागु गर्ने।

५) मुलुकमा उधोग, व्यापार र सेवाका क्षेत्रको विकास गरी रोजगारीको क्षेत्र विस्तार गर्ने।

६) राजनीतिक भ्रष्टचार र विदेशी शक्तिको दलाली प्रवृतिलाई निष्तेज गर्ने।

राजनीतिक इच्छा शक्ति भएको राज्य संचालकहरूको उपस्थितिको अवस्थामा पुँजीवादतिर संक्रमित हुने उद्धेश्यले संसारका विभिन्न मुलुकहरूमा व्यापक अर्थमा सुधारात्मक (आमुल परिर्वतनको अर्थमा भने होईन) चरित्रका भूमि व्यवस्थामा परिवर्तनका कार्यक्रमहरू भएका छन्। तर नेपालको राजनीतिक क्षेत्रमा आमुल परिवर्तनकारी शक्तिहरूको साक्षेप रूपमा निम्छरो स्थिति र यथास्थितिका पक्षपोषक शक्तिको पक्ष बलियो रहेको अवस्थामा यहाँको भूमि व्यवस्थाको चरित्रमा परिवर्तनको कुनै गुन्जाईस देखिन्न। तसर्थ : नयाँ कृषिक्रान्ति आवश्यक भएको हो भन्ने कुरामा हामी प्रष्ट हुनु पर्दछ।

***४) कस्को नेतृत्वः***

सन् २००६ को ऐतिहासिक जनआन्दोलन पछि ने.का, एमाले र एमाओवादी जस्ता ठूला पार्टीहरूले वैज्ञानिक भूमि सुधार गर्ने, सामन्ती भूस्वामित्व अन्त्य गर्ने, जमिन जोत्नेलाई दिने, आदि जस्ता प्रतिवद्दता जनाउदै आएका थिए। तर सामन्ती सोचको (स्थास्थितिवादी) राजनीति लिएका यिनीहरूबाट हुने प्रतिवद्धताले अतन्तः यथास्थितिवादकै (दलाल पुँजी) हित गऱ्यो। यिनले बनाएको नयाँ संविधानले अन्तत्वगत्वः कृषि तथा भूमिमा साम्राज्यवादी र सामन्तवादी शक्तिकै पक्षपोषण गरेकोछ। अहिलेको नेकपा र ने.का.बाट नेपालको समृदि र नेपालीको सुखी हुने दिन आउने छैन। त्यसैले यहाँ क्रान्तिकारी शक्तिहरूको नयाँ नेतृत्वको आवश्यकता छ र नयाँ राजनीतिक शक्ति निमार्णको आवश्यकता छ जो गरिव, किसान र श्रमजीवी जनतामैत्रि होओस् र राष्ट्रिय पुँजीवादी संरचनाको विकास र सदृढिकरणबाट सामन्तवाद र अर्ध/तथा औपनिवेशवादको आर्थिक मेरुदण्डमाथि आघात पुऱ्याई विकल्प वन्न सकोस्।

२०७५।१०।१५

*raigd9863@gmail.com*

## एम.सी.सी...

प्रधानमन्त्री शेरबहादुर देउवाको शब र्याली निकालेर पुत्ला जलाएको छ। बर्दघाट ४ दिब्यनगर बाट निकालिएको र्याली शान्तिनगर चोकमा पुगेर पुत्ला दहन गरेर कोण सभामा परिणत भएको थियो। एम सि सि सम्झौता खारेज गर ! देश बेच्न पाइदैन !! लगायतको नाराबाजी सहित निकालिएको जुलुसमा शन्ख समेत बजाइएको थियो। कोण सभामा क्रान्तिकारी माओवादी जिल्ला सचिवलय सदस्य तथा बर्दघाट नगर इन्चार्ज चुडामणि भण्डारीले बोल्नु भएको थियो।

## अभियान...

बैचारिक; सम्पर्क; संगठन र सङघर्समा केन्द्रित रहेर डेढ महिने रा.स.स.स.अभियान उद्धाटन गरेको छ। शुक्रबार बर्दघाट ४ दिब्यनगरमा जिल्ला भेला गरि माओवादीले अभियान उदघाटन गरेको हो। अभियान उदघाटन सत्रमा क्रान्तिकारी माओवादी जिल्ला सेक्रेटरी क.चोलाले अभियानको कार्ययोजना प्रस्तुत गर्नुभएको थियो। सो अवसरमा क्रान्तिकारी माओवादी प्रदेश सदस्यद्वय क. संकल्प र क.समरले अभियान बारे प्रकाश पार्नु भएको थियो। अभियान कार्तिक २६ गते सम्म संचालन हुने र अभियानबाट जिल्लाको सबै स्थानीय तहमा पार्टी कमिटी सुदृढ र बिस्तार हुने जिल्ला सचिवालय सदस्य क. न्युक्लियसले जानकारी दिनुभयो। उदघाट्न कार्यक्रममा बर्दघाट नगर सह सेक्रेटरी क.आकाश स्वागत मन्तब्य रहेको थियो। त्यस्तै अभियानकै क्रममा बर्दघाट नगर समितिको बैठक सम्पन्न भएको नगर सेक्रेटरी क.क्रान्तिले बताउनुभयो। अभियान उदघाटनकै दिन क्रान्तिकारी युवा लिग बर्दघाट ४ वडा कमिटी बिस्तार गरिएको छ। क.नर बहादुर रानाको संयोजकत्वमा गठन भएको २१ सदस्यीय कमिटीमा क. दिपक नेपाली;क. बुदे गुरुङ; क. सुमन सुनार ; क. श्याम बिक ; क.सन्जय थापा; क.अमिर गुरुङलगायत रहेको लिगका जिल्ला उपाध्यक्ष क. राजेन्द्र न्यौपानेले जानकारी दिनुभयो।

## एमसीसी...

सम्मिलित नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, नेकपा माले, नेकपा लगायतका पार्टीका ५४ जना नेता कार्यकर्ताहरू गिरफ्तारीमा परेका थिए। देउवा नेतृत्वको सरकारले एमसीसीका पदाधिकारीहरूलाई बोलाएर सदनबाट राष्ट्रघाती एमसीसी सम्झौता पास गर्न खोजेपछि देशभर अहिले एमसीसी सम्झौता खारेजी आन्दोलन चलिरहेको छ।

आन्दोलनकै क्रममा शुक्रबार रत्नपार्क शान्तबाटिकामा आयोजित सत्यार्थ प्रकाश जनसभामा वक्तारुले एमसीसी सम्झौता खारेज गराएरै छाड्ने दावी प्रस्तुत गर्नु भएको छ।

जनसभालाई सम्बोधन गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले जनताको तागतका अगाडि जतिसुकै शक्तिशाली शासकहरू पनि पराजित हुने बताउनु हुँदै राष्ट्रघाती एमसीसी सम्झौता खारेज भएरै छाड्ने बताउनु भयो।

त्यसैगरी नेकपा मालेका महासचिव सीपी मैनालीले पनि एमसीसी जस्तो राष्ट्रघाती सम्झौता खारेज सदनबाट पास गरिए संसदवादी पार्टीहरूको राजनीति समाप्त हुने चेतावनी दिनु भयो।

कार्यक्रममा साध्यबहादुर भण्डारी, राजन तिमिल्सिना, भरत गौतम लगायतका वक्ताहरूले पनि एमसीसी खारेज हुनै पर्ने कुरामा जोड दिनस भएको थियो।

## अखिल...

विरुद्ध र नेपालका दलाल नेताहरूका विरुद्ध विभिन्न नाराहरू लगाइरहे। प्रदर्शनकारीहरूको व्यापक दवावका कारण प्रहरीहरूले उक्त एमसीए विरोधी जुलुसलाई एमसीए कार्यालय जानका लागि छाडी दिए तर त्यहाँ नपुग्दै एमसीसी टोली त्यहाँबाट हिंडीसकेकोले उक्त जुलुस उनीहरू बसेको होटेल मेरियट, नक्सालतर्फ अघि बढने क्रममा व्यापक प्रहरी अवरोधलाई छिचोल्दै जयनेपाल सिनेमा घरसम्म पुगी कोणसभामा परिणत भएको थियो।

उक्त कोणसभामा अखिल क्रान्तिकारीका अध्यक्ष हरिकृष्ण गजुरेलले एमसीए कार्यालय तुरुन्त अमेरिका फकाउनु पर्ने किनभने एमसीसीले नेपालको सावृभौमिकसत्ता, स्वतन्त्रतामाथि अमेरिकी साम्राज्यवादले हस्तक्षेप बढाएकोले सबै नेपाली शरीरमा एकथोपा रगत रहेसम्म राष्ट्रभघाती एकसीसीका विरुद्धमा लागिरहनुपर्ने बताउनु भयो। कार्यक्रमको अन्त्यमा उहाँले त्यहाँ उपस्थित सबैलाई धन्यवाद दिदै भावी दिनमा हामी अझ शसक्त रूपमा एमसीसी विरुद्धका हरेक कार्यक्रमा सहभागिता हुनु पर्नेमा जोड दिनु भयो।

## प्रहरी...

तौमडीबाट सुरु भएको मशाल जुलुस च्यामासिंह चोकमा समापन भएको थियो। पार्टी पीवीएम सागरको नेतृत्वमा भएको मशाल जुलुसको समापन भक्तपुर सेक्रेटरी श्रीकृष्ण सुलुले गर्नुभएको थियो।

मशाल जुलुसमा करिब चार दर्जन नेता कार्यकर्ताको सहभागिता रहेको थियो। मशाल जुलुसमा राष्ट्घाती एमसीसी खारेज गर, अमेरिकी साम्राज्यवाद मूर्दावाद, राष्ट्रिय स्वाधीनता जिन्दावाद, नेकपा (क्रान्तिकारी माओवादी) जिन्दावाद लगायतका नाराहरू लगाइएको कार्यक्रम स्थलबाट अखिल नेपाल क्रान्तिकारी ट्रेडयुनियन महासंघका महासचिव बसन्त बोगटीले जानकारी दिनुभयो।

यता काठमाडौंमा पनि प्रहरी हस्तक्षेपका बाबजुद भव्य रूपमा मशाल जुलुस प्रदर्शन गरिएको छ। पार्टी पीवीएम प्रवेशको नेतृत्वमा नरदेवीबाट निकालिएको मशाल जुलुस किलागल, भेडासिंह, गनवहाल हुँदै असन चोकमा पुगेर समापन भएको थियो। मशाल जुलुसको समापन नेता प्रवेशले गर्नुभएको थियो। समापन कार्यक्रमको सञ्चालन काठमाडौं जिल्ला सेक्रेटरी खगेन्द्र छन्त्याललले गर्नुभएको थियो।

मशाल जुलुसमा एमसीसी खारेज गर, अमेरिकी साम्राज्यवाद मूर्दावाद, दलाल शासकहरू मुर्दावाद, राष्ट्रिय स्वाधीनता जिन्दावाद लगायतका नाराहरू लगाइएको थियो। मशाल जुलुस भेडासिंहमा पुगेपछि प्रहरीले हस्तक्षेप गरेको थियो। त्यहाँ मशाल जुलुसलाई अखिल (क्रान्तिकारीं)का अध्यक्ष हरिकृष्णले सम्बोधन गर्नुभएको थियो।

क्रान्तिकारी माओवादीले एमसीसी खारेजीका लागि देशव्यापी रूपमा प्रतिरोध संघर्षको उठान गरिरहेको छ। सातवटै प्रदेशका विभिन्न जिल्लामा जनसंघर्ष तथा प्रतिरोध संघर्षहरूको उठान भइरहेको छ।

## एमसीसी...

निरीहतालाई प्रदर्शन मात्र गरेन, एमसीसीलाई थप बलियो बनायो।

दोस्रो कुरा, नेपाल सरकारले पठाएका प्रश्न र जिज्ञाशाको जवाफ एमसीसीकी एकजना उपाध्यक्षले दिएकी छिन्। यो आफैमा असमान छ। नेपाल सरकारले प्रश्न सोधेपछि त्यसको आधिकारिक जवाफ पनि अमेरिकी सरकारबाट नै आउनु पर्ने हो। तर त्यसो भएन। यसबाट देश साना वा ठुला, धनी वा गरिब जे भए पनि सवैको सार्वभौमिकता र अन्तर्राष्ट्रिय हैसियत समान हुन्छ भन्ने कूटनैतिक मान्यताको उल्लङ्घन भएको छ। यसले अमेरिकी सरकारले नेपाल सरकारको हैसियत आफ्नो एउटा विभाग सरह भएको सन्देश दिएको छ। साथै, नेपालका आत्मसमर्पणवादी दलाल शासकवर्गले यसैलाई अमेरिकी सरकारको जवाफका रूपमा मान्यता दिएर आफूलाई अमेरिकी विभागको हैसियतमा झारेका छन्। यो राष्ट्रिय आत्मसमर्पणवादको पराकाष्ठा हो।

नेपाल सरकारले पठाएको चिठीमा दशवटा मूल प्रश्न र एघारौं नम्बरमा स्पष्ट हुनुपर्ने जिज्ञाशाहरू भनी थप १७ ओटा बुँदा समेटिएका छन्। यसरी उक्त जवाफी पत्रमा जम्मा २७ वटा विषयबारे स्पष्टीकरण दिइएको छ। यो सङ्क्षिप्त टिप्पणीमा सबै विषयको एकएक गरी विश्लेषण गर्न खोजिएको छैन। उक्त जवाफले के सन्देश दिन खोजेको छ भन्ने बारे मात्र यहाँ छोटो चर्चा गरिने छ।

सबैभन्दा पहिलो कुरो सरकारले जसलाई प्रश्न भनेर पठाएको छ, ती वस्तुतः प्रश्न जस्ता नै छैनन्। सरकारले पठाएका प्रश्नहरू पढ्दा बाध्यतामा परेर बडो करले विषयलाई उठाएको अनुभूति हुन्छ। जस्तो, प्रश्न नं ९मा भनिएको छ, 'एमसीसी सन् २००४मा बनेको तर आइपिएस सन् २०१७ मा बनेको कसरी मातहत हुन सक्छ ?' प्रश्नवाचक चिन्ह राख्दैमा कुनै वाक्य प्रश्न बन्दैन। उपरोक्त उद्धरण त २००४मा बनेको एमसीसी २०१७ मा बनेको आइपिएसको अङ्ग बन्न सक्दैन, बेकारमा नेपाली जनताले अनावश्यक प्रश्न उठाएका छन्। लौ न नेपाली जनतालाई सम्झाइ देऊ भनेर अमेरिकासँग गुहार मागेको जस्तो भएन र ? यो सरकारको निरीहताको पराकाष्ठा हो। यो प्रश्न मात्र होइन, अरु प्रश्नहरू पनि यस्तै छन्।

अर्को ७ नं प्रश्नमा सोधिएको छ, 'एमसीसी हिन्दप्रशान्त रणनीतिको मातहत रहेको भन्ने कुरा सम्झौतामा कतै लेखिएको छैन। के एमसीसी आइपिएसको मातहत छ त ?' यस्तो लुते तरिकाले प्रश्न सोधेपछि कसैले छ किन भन्छ ? एमसीसीले छैन भनेको छ। तर, यहाँनेर बुझ्नु पर्ने मुख्य कुरा के हो भने, एमसीसीलाई आइपीएस जस्तो सुरक्षासँग सम्बन्धित संवेदनशील विषय अन्तर्गत पारिएको छ कि छैन भनेर थाहा पाउने सरकारको पनि नीति निर्माण गर्ने उपल्लो तहले मात्र हो, एमसीसीले होइन। एमसीसीले यो प्रश्नको जवाफ दिन नसक्ने मात्र होइन सरकारबाट यसबारे यथार्थ बुझ्न पाउने सम्मको हैसियत पनि राख्दैन। तर एमसीसीले दिएको जवाफलाई अमेरिकी सरकारको जवाफ आयो भनेर नेपाल सरकारले सर्वसाधारण नेपालीलाई भ्रमित गर्ने कोशिस गर्दैछ। यसरी यो जनतालाई ढाँटेर देश बेच्ने राष्ट्रघाती कदम हो भन्ने कुरा थप प्रस्ट भएको छ।

प्रश्न ८मा लेखिएको छ, 'के नेपाल आइपिएसको सदस्य वा, त्यसमा सदस्य भएको छ वा सदस्य हुन मिल्छ ?' यो सरकारलाई यस भन्दा अगाडिको सरकारले गरेको निर्णय थाहा छैन र अमेरिकालाई सोधेको ? एउटा स्वाधीन देशको सरकारले अर्को देशको सुरक्षा रणनीति अन्तर्गत् बस्न मिल्छ कि मिल्दैन भनेर सोध्न हुन्छ ? यो प्रश्न नै आफैमा नेपालको सार्वभौमिकता तथा राष्ट्रिय स्वाधीनताको विरुद्ध छ। यसरी नेपालका शासकवर्गले ५० करोड अमेरिकी डलरसँग देशको राष्ट्रिय स्वाधीनताको सौदावाजी गरेको प्रष्ट छ।

सामान्य अनुदानको विषयलाई 'अन्तर्राष्ट्रिय सम्झौता' किन भन्नु पऱ्यो भन्ने ४ नं प्रश्नको जवाफमा लेखिएको छ, 'व्यवहारिक तवरमा कम्प्याक्टलाई अन्तर्राष्ट्रिय सम्झौताको स्तरमा राखिनुको प्रभाव भनेको स्थानीय कानुनको कुनै निश्चित प्रावधानसँग बाझिने विरलै अवस्थामा बाहेक, कम्प्याक्ट परियोजनाहरूको कार्यान्वयन नेपालको कानुन अनुसार अगाडि बढ्ने भन्ने हुन्छ।' नेपालको कानुन एमसीसी सम्झौतासँग बाझिएको अवस्थामा एमसीसी सम्झौता नेपालको कानुनमाथि हावी हुनु पर्ने हुनाले यसलाई अन्तर्राष्ट्रिय सम्झौता भन्नु परेको कुरा यो उद्धरणले ठोकुवा गरेको छ। यसले हामी नेपालीलाई भोलिको कुनै अवस्थामा नेपालको कानुनबाट होइन एमसीसी सम्झौताबाट शासित हुनु पर्ने कुराको कबुल गराएको छ।

अर्कोतिर, एमसीसीको नेपालमा रहने अवधि ५ वर्ष भनिएको छ। तर त्यो सत्य होइन। यसबारे एमसीसीको जवाफमा बुँदा ११ (ञ)मा भनिएको छ, 'अनुदानको प्रभावकारिता, लेखापरीक्षण, र उदेश्य प्राप्तिको मुल्याङ्कन जस्ता क्षेत्रसँग सम्बन्धित केही व्यवस्थाहरू पाँच वर्षको कम्प्याक्टको अवधिपछि पनि कायम रहन्छन्।' यसले एमसीसीको नेपाल बसाइ असीमित बनाएको छ।

जवाफमा एमसीसीका लागि परियोजनाले अधिग्रहण गरेको जग्गा, परियोजना लागु गर्ने प्रक्रियामा उपलब्ध बौद्धिक सम्पत्ति आदिमा नेपाल सरकारको स्वामित्व रहने र दुवै तर्फबाट ३० दिनको सुचना दिएर सम्झौताको अन्त्य गर्न सकिने जस्ता कुरा उल्लेख छन्। यो देख्दा कुरा सकारात्मक लाग्न सक्छ। तर, बुँदा नं ६ मा उल्लेखित, 'हस्ताक्षर सम्पन्न भइसकेको एमसीसी नेपाल कम्प्याक्टलाई अहिले संशोधन गर्न सकिँदैन' भन्ने भनाईले यी सबै कुराको राम्ररी खण्डन गरेको छ। त्यसकारण, जवाफमा कुनै कुरा सकारात्मक देखाइए पनि ती संशोधन हुनेवाला छैनन्। ती सबैलाई उक्त भनाइले प्रस्ट्याएको छ। सरकारले पठाएका प्रश्नको जवाफले एमसीसीलाई नेपालमा कुनै हालतमा पनि छिर्न दिनुहुन्न भन्ने कुरा अरु प्रस्ट भएको छ।

एमसीसीले पहिलो प्रश्नको जवाफमा लेखेको छ, 'एमसीसीको उद्देश्य आर्थिक बृद्धिमार्फत् गरिबी न्यूनीकरण गर्नु हो। नेपालमा एमसीसीको लक्ष्य नेपाली नागरिकको जीवनस्तर तीव्र गतिमा सुधार्नु रहेको छ।' पढ्दा त यो बडो राम्रो लाग्छ। तर, यो चिनीको लेपन लगाएको सिसाको गोली बाहेक अरु केही होइन। अमेरिकाले गरेका यस्तै राम्रा कुराहरूले अन्यत्र के के भयो हेरौं त ? अफगानिस्तानमा के भयो ? इराकमा के भयो ? सबैले देखेको कुरा हो, त्यहाँका प्राकृतिक सम्पदा लुटेर अमेरिका फर्कियो, देश र जनताको हालत अरु बेहाल भयो। यसलाई राम्ररी बुझ्नु जरुरी छ। एमसीसीले नेपालको सम्पदालाई लुट्ने र नेपाललाई साम्राज्यवादीहरूको क्रीडास्थल बनाउने मात्र होइन देशको अस्तित्व नै समाप्त पार्ने खतरा बोकेर आएको छ। यो राष्ट्रघाती सम्झौता हो।

अन्त्यमा, यो जवाफ पछि अमेरिकाले एमसीसीलाई आइपिएसको अङ्ग होइन भनेको हुनाले नेपाली जनताको आशङ्का निवारण भयो अव यसलाई संसदबाट पारित गर्नु पर्छ भनेर दलाल शासकहरू चार हात उफ्रिने छन्। यो नेपाली जनता र राष्ट्रमाथिको गम्भीर धोका एवम गद्दारी हो। एमसीसीलाई कुनै हालतमा पनि संसदबाट अनुमोदन गर्न दिनु हुँदैन। देशको अस्तित्व रक्षाका लागि सामूहिक आवाज बुलन्द गर्ने कुरा कसैको वैचारिक तथा राजनीतिक आस्थासित जोडिएको विषय होइन। देश रहे राजनीतिक प्रतिस्पर्धा गरौंला, आउनुस् पहिले देश बचाउँ। *भदौ २४, २०७८*


**वर्गदृष्टि र मूलबाटोको लागि लेख, रचना समाचार र विज्ञापन पठाउनेसम्बन्धी सूचना**

१ लेख, रचना एक हजार (१,०००) शब्दमा नबढाइ, टाइप गरेर पत्रिकाको इमेलमार्फत पठाउन हुन अनुरोध गरिन्छ।
२. समाचार पठाउँदा सकभर सम्बन्धित समाचार झल्कने फोटो अनिवार्य समावेश गर्नुपर्ने छ।
३. लेख, रचना पठाउँदा शनिबार बेलुकीसम्म उपलब्ध गराई सहयोग गर्नु हुन अनुरोध छ।
४. समाचारको हकमा आइतबारको २ बजे अगाडि उपलब्ध गराइदिनु हुन अनुरोध छ।
५. विज्ञापनमा हुन सक्ने गल्तीलाई रोक्न विज्ञापनदाताको सहमतिमा टाइप गरेर सूचना उपलब्ध गराउने।
६. पत्रिका प्राप्त भइसकेपछि फोन, इमेल वा एसएमएस गरेर व्यवस्थापक वा सम्पादकलाई जानकारी गराइदिनु हुन अनुरोध छ।
७. प्रत्येक अंकको भुक्तानी उक्त महिनाको अन्तमा उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ।

**सम्पर्क नाम र फोन नम्बर**
**व्यवस्थापक: हुकुमबहादुर सिंह (९८५१०७६८६४)**
**सम्पादक: इन्द्र बहादुर राउत (९८५११३४८३०)**
**इमेल : bargadristi073@gmail.com**

कर्णाली प्रदेश संवाददाता- दिनेश बुढा (९८६८००५८२४)



**यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !**

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

## आलोपालो

# नेपालमा नयाँ जनवादी क्रान्ति : कृषिक्रान्ति

**सामन्ती व्यवस्थाको तुलनामा पुँजीवादले मुलुकको प्राकृतिक साधन, स्रोतको परिचालन उद्योग–व्यापार र गर्नेदेखि सेवा क्षेत्रको पनि विकास गराउने र रोजगारीको व्यापक क्षेत्र सिर्जना हुन्छ । तर यहाँ दलाल–नोकरशाहहरूले राष्ट्रिय पुँजीवादको विकास हुन दिएन**



● गंगादेवी राई ●

***१) बिषय प्रवेश :***

निवर्तमान प्रधानमन्त्री के.पी.शर्मा ओलीको सरकारले 'समृद्ध नेपाल, सुखी नेपाली'को नारा दिएर शासन गरेको थियो । तर भ्रष्टाचार, बेरोजगारी र महँगी यति बढेको छ कि नेपाली जनताले 'दरिद्री नेपाल, दरिद्र नेपाली' हुन पुगेको भान भएको थियो । आज हिमाल, पहाड र तराईका गाउँ/देहातका युवा पुस्ता बाबु आमाले समातेका हलो, कुटो, कोदालो समात्न छोडेर इण्डिया, मलेशिया, खाडी मुलुक, कोरिया, आदि देशहरूमा अदक्ष (unskilled) को रूपमा श्रम बेचिरहेका छन् । सरकारी आँकडा बताउँछ कि यस्तो श्रमिकको संख्या (भारतमा बाहेक) तीस लाखको हाराहारीमा छ । यिनीहरूले पठाएको विप्रेशण ९च्भ्मष्तबलअभ) नेपालको एक चौथाई भन्दा बढी (२९ प्रतिशत) रहेको छ । राज्यको लागि नेपालको गरिबीको रेखामूनिको संख्या घटाउने यही मुख्य साधन भएको छ । सरकारको रोजगारीको कुनै भरपर्दा कार्यक्रम छैन ! नेपालमा किसानको हक, हित, अधिकारको कुरो र कृषि विकाशको कुरो उठेको वि.स.२००७ साल (सन् १९५१) को राजनीतिक परिवर्तन पछिदेखि नै हो । वि. स.२००७-२०१४ सम्म तराई र काठमाण्डौमा सामन्ती जमिनदारीका विरुद्ध ठूला-ठूला किसान आन्दोलन भए । आन्दोलनको दवावको कारण वि.स.२०१५को निर्वाचनपछि नेपाली कांग्रेसको सरकारले विर्ता र राज्य रजौटालाई करको दायराभित्र ल्याउने कार्यक्रम ल्याएको थियो । तर नेपालमा वि.पि.कोईरालाले नेतृत्व गरेको पार्टीको कार्यक्रम राजालाई पचेको थिएन । राजाले ने.का.को सरकार र संसदलाई २०१७ सालमा अपदस्त गरे । कांग्रेसलाई निचा देखाउन राजाले वि.स.२०२१ (सम्वत१९६४) मा भूमि सुधार कार्यक्रम लागु गरे । तर त्यो कार्यक्रम मोही सुधारको सामान्य कार्यक्रम भन्दा बढी थिएन । ने.का. र वामपंथी पार्टीका दस्तावेजमा त्यस बेलादेखि क्रान्तिकारी भूमि सुधार वा वैज्ञानिक भूमि सुधारका कुरा कुनै न कुनै रूपमा रहदैं आएको थियो । पञ्चायत ढलेपछि एउटा र राजतन्त्र ढले पछि दुई वटा भूमि सुधार आयोग वनिए, तर ती पनि कार्यान्वयन हुन सकेनन् । राज्यले वि. सं.२०१३ देखि यता धेरै वटा आवधिक योजनाहरू ल्याए तर तिनले पनि भूमि र कृषिमा सुधारको सट्टा विग्रनेतर्फ नै बढि काम गऱ्यो । फलतः किसानका युवा छोरा छोरीले परम्परागत खेतीपाती छोडेर दासदासीको रूपमा विदेशिनु परेको छ र त्यो क्रम जारी छ । नेपालमा राजगारीको अवसर उपलब्ध गराउनु भन्दा विदेशमा युवाशक्ति पठाउन सकेकोमा गर्व गर्दैछ, यो सरकार ! यी सबले गर्दा नेपालमा राज्यले गरेको कृषि र भूमि सुधारका कार्यक्रम असफल सिद्ध भएको छ । तसर्थ कृषिमा क्रान्ति गरी मुलुकलाई आत्मार्निभरताको दिशामा लैजानुको विकल्प नरहेको हो । यो सरकार विकास प्रेमी होइन, पश्चगामि हो, बाहुनवादको र वर्णश्रम धर्मको फेर पक्रेर कुदेकोछ ।

***२) परम्परागत खेतीले युवाको पेट भरिएन***

गाउँ/ देहातमा काम गर्ने मानिस छैनन्, त्यसैले जमिन बाँजो बसेको छ । युवाहरू कामको खोजीमा विदेशिएका छन् । नेपालमा बर्षेनी करीब ४ लाखको हिसाबले बजारमा आउने श्रमशक्तिको लागि नत औधोगिक वातावरण छ न त कृषिमा नै नयाँ तरक्की । मुलुक अझै पश्चगामी राजनीतिक द्धन्द्धमा फसेको छ । अग्रगामी भन्दा यथास्थितिवादी शक्ति बलियो भएको छ, । पश्चगामी संविधान निर्माण गरिए पछि दलाल-नोकरशाही पुँजी र सामन्ती तत्वको राज्य शक्तिमा हालीमुहाली बढेकोछ ।

सामन्ती व्यवस्थाको तुलनामा पुँजीवादले मुलुकको प्राकृतिक साधन, स्रोतको परिचालन उद्योग-व्यापार र गर्नेदेखि सेवा क्षेत्रको पनि विकास गराउने र रोजगारीको व्यापक क्षेत्र सिर्जना हुन्छ । तर यहाँ *बाँकी ७ पेजमा*


# अधिक वर्षाको समयमा पानीजन्य प्रकोपको जोखिमबाट बचौं


- बाढी पस्नसक्ने तथा डुबानमा पर्नसक्ने स्थानहरूमा पूर्वसूचना प्रणालीको व्यवस्था गरौं ।
- डुबान हुने क्षेत्रहरूमा पानीको बहाव निकास हुने प्रणाली (नाली, पाइप) चालु अवस्थामा राखौं ।
- बाढी तथा पानीको बहाव बढेको जानकारी दिन साइरन जडान, एसएमएस, सामाजिक सञ्जाल तथा आमसञ्चार माध्यमलाई तयारी अवस्थामा राखौं ।



नेपाल सरकार

**विज्ञापन बोर्ड**





**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।